एम्नेस्टी इन्टरनेसनल नेपाल

# एकतीसौं साधारण सभा

नवलपरासी (सुस्ता पूर्व)

०२ पौष २०७९ (१७ डिसेम्बर २०२२)

# वार्षिक प्रतिवेदन २०७८/७९

सन् १९६१ मा बेलायती ***वकिल पिटर बेनेन्सन***लाई पोर्चुगलका दुईजना युवाले स्वतन्त्रताका नाममा *टोस्ट* गरेको निहुँमा त्यहाँको सरकारले उनीहरूलाई सात वर्ष कैद सजाय दिएको कुराले साह्रै चिन्तित तुल्यायो । शान्तिपूर्ण तवरले आफ्नो आस्था प्रकट गर्न पाउने नैसर्गिक अधिकारको उपयोग गरेकै निहुँमा बन्दी बनाएर सरकारले ती युवकहरूमाथि अन्याय गरेको र त्यस्ता पीडितहरूलाई अरु नागरिकहरूले समेत बिर्सेको महसुस पिटर बेनेन्सनले गर्नुभयो र ती पोर्चुगिज युवा र उनीहरूजस्तै अन्यायमा परेका अन्य कैयौँ आस्थाका बन्दीहरूका पक्षमा आवाज उठाउन आह्वान गर्दै उहाँले बेलायतबाट प्रकाशित हुने अखबार **'दी अब्जर्भर'** (The Observer) मा २८ मे १९६१ का दिन "बिर्सिएका बन्दीहरू" (The Forgotten Prisoners) शीर्षकको एक लेख प्रकाशित गर्नुभयो । उक्त लेखमा विभिन्न स्थानमा आस्थाका आधारमा बन्दी बनाइएका नागरिकहरूको रिहाइका लागि २८ मे १९६१ देखि "आममाफीका लागि अनुरोध १९६१" (Appeal for Amnesty 1961) नामक अभियानको थालनी गरिने र सो अभियानसम्बन्धी कामको समन्वय गर्न बेलायतको लन्डनमा कार्यालय स्थापना गरिने कुरा उल्लेख गरिएको थियो । अन्ततः अभियानलाई संस्थागत रूपमा व्यवस्थित तवरले अघि बढाउन ३० सेप्टेम्बर १९६२ मा "एम्नेस्टी इन्टरनेसनल" भनी आधिकारिक रूपमा नामाकरण गरियो ।

एम्नेस्टी इन्टरनेसनल (ए.आई.) अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानवअधिकारहरू सम्मानित र संरक्षित हुनु पर्दछ भनेर अभियान सञ्चालन गर्ने व्यक्तिहरूको एक विश्वव्यापी अभियान हो । यो साधारण व्यक्तिहरूद्वारा सञ्चालित असाधारण (Extraordinary movement by ordinary people) अभियान हो जसमा विश्वभर रहेका ए.आई. का सदस्य एवं समर्थकहरू विश्वको कुनै पनि स्थानमा हुने कुनै पनि प्रकारको मानवअधिकार उल्लङ्घन वा ज्यादतीको विरुद्धमा नैतिक दवाब सिर्जना गर्दछन् । एम्नेस्टीले मानवअधिकारको क्षेत्रमा गरेको कामको मूल्यांकन स्वरूप सन् १९७७ को नोवेल शान्ति पुरस्कार तथा १९७८ को संयुक्त राष्ट्रसंघीय मानवअधिकार पुरस्कार लगायतका थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरेको छ । हाल संसारभर एक करोड भन्दा बढी सदस्य र सहयोगदाता यसमा आबद्ध छन् ।

**एम्नेस्टी नेपाल शाखा**लाई नेपालमा सन् १९६९ मा कानुन व्यवसायी नुतन थपलियाले पहिलो पटक स्थापना गर्नु भएको हो । त्यसको केही वर्षपछि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" (Nepal Section) को मान्यता प्रदान गरेको थियो । तर तत्कालीन शासन व्यवस्था र परिस्थितिका कारण सन् १९८२ पछि अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपालशाखा" को मान्यता खारेज गऱ्यो । "नेपाल शाखा" को मान्यता खारेज भएपछिका वर्षहरूमा पनि विभिन्न बुद्धिजीवी तथा मानवअधिकार अभियन्ताहरू सोझै एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयबाट सदस्यता लिने, एम्नेस्टी समुहहरू गठन गर्ने एवं एम्नेस्टीले सञ्चालन गर्ने विश्वव्यापी अभियानमा सहभागी हुने क्रम निरन्तर थियो । वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालमा एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय कार्यालय गठनको प्रयास भयो र सन् १९९० मा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयको पहलमा एक समन्वयात्मक संरचना (Coordinating Structure) गठन भयो । त्यसपछि सन् १९९३ मा नेपाल सो Coordinating Structure लाई अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" को मान्यता प्रदान गऱ्यो । त्यसपछिका वर्षमा एम्नेस्टी नेपालले निर्वाध र सकृयतापूर्वक आफ्ना गतिविधिहरू अघि बढाइरहेको छ । हाल एम्नेस्टी नेपालमा ३८ जिल्लाहरूमा सक्रिय ८१ समूह, २ निर्माणाधीन समूह र ५५ युथ नेटओर्कहरूमा आबद्ध झण्डै ८,००० सदस्य/अभियन्ताहरू र हजारौंको सङ्ख्यामा सुभेच्छुक र समर्थकहरू रहनुभएको छ ।

# विषय सूची


१. निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/७९ को योजना कार्यान्वयनको प्रतिवेदन १

२. समूह, निर्माणाधीन समूह र युथ नेटवर्कहरूले आ.व. २०७८/७९ मा गरेका कार्यक्रमहरूको विवरण ६६

३. गभर्नेन्स र सङ्गठनात्मक गतिवि ७५

४. एम्नेस्टी नेपाल पुनरावेदन समितिका पदाधिकारी, नेसनल बोर्डका पदाधिकारी तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरूको नामावली विवरण ८९

# निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/७९ को योजना कार्यान्वयनको प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपालको सम्मानित एकतीसौं साधारण सभाका अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कलाई प्रतिनिधित्व गर्दै तथा समर्थक सदस्यको क्लस्टरबाट सहभागी हुनुभएका प्रतिनिधि तथा निर्माणाधीन समूहका पर्यवेक्षकज्यूहरू, अन्तर्राष्ट्रिय बोर्ड र सचिवालयका प्रतिनिधिज्यू, एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथिज्यूहरू, नेसनल बोर्ड एवं पुनरावेदन समितिका पदाधिकारीज्यूहरू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरू एम्नेस्टी नेपालका पूर्व अध्यक्षज्यूहरू एवं राष्ट्रिय सचिवालयका सहकर्मी साथीहरू,

मानवअधिकारको क्षेत्रमा कार्यरत विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको निर्देशकको हैसियतले संस्थाको सम्मानित ३१ औं साधारण सभासमक्ष एम्नेस्टी नेपालको आर्थिक वर्ष २०७८/७९ (१६ जुलाई २०२१ देखि १६ जुलाई २०२२) को वार्षिक “योजना कार्यान्वयन” प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

गत वर्षहरूमा झैं यस आर्थिक वर्षमा पनि एम्नेस्टी नेपालले मानवअधिकारसम्बन्धी विभिन्न स्थानीय र अन्तर्राष्ट्रिय अभियान सञ्चालन गर्दै विविध गतिविधिहरू सम्पन्न गरेको छ ।

लैङ्गिक न्याय (gender justice), अन्तर्समूहगत न्याय (intersectional justice), सङ्क्रमणकालीन न्याय र दण्डहीनताविरुद्धका अभियान, जोखिममा परेका व्यक्ति तथा मानवअधिकारको अवस्था सङ्कटग्रस्त रहेको मुलुकका नागरिकहरूको स्वतन्त्रता र मानवअधिकारका लागि गरिएका विभिन्न अभियानहरू, मानवअधिकार शिक्षा र अन्य विविध जनचेतनामूलक कार्यहरू, एम्नेस्टी नेपालमा आबद्ध समूह र युथनेटवर्कका सदस्यहरूका लागि क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिलगायतका विभिन्न गतिविधिहरू यस आर्थिक वर्षमा सम्पन्न भएका छन् ।

अध्यक्षज्यू तथा सम्मानित साधारणसभाका सभासदज्यूहरू,

अब म २०७९ मंसिर १५ र १६ गते (०१ र ०२ डिसेम्बर २०२२) मा बसेको नेसनल बोर्डको बैठकमा पेश भई उक्त बैठकले पारित गरेको यस संस्थाको वर्ष २०७८/७९ को वार्षिक “योजना कार्यान्वयन” प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु । यस प्रतिवेदनमा संस्थाका तर्फबाट २०७८ साउन १ देखि २०७९ असार ३२ गते (असार मसान्त) **(१६ जुलाई २०२१ देखि १६ जुलाई २०२२)** सम्म भएका प्रमुख गतिविधिहरूलाई समेटिएको छ ।

# खण्ड १

# मानवअधिकार अभियानसम्बन्धी गतिविधि

# १. आर्थिक, सामाजिक र सास्कृतिक अधिकार

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू आधारभूत मानवअधिकार हुन् जसअन्तर्गत गाँस, बास, कपास जस्ता आधारभूत आवश्यकता सुनिश्चित गर्नु राज्यको दायित्वअन्तर्गत पर्दछ। नेपालले संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ लाई अनुमोदन गरेको र संविधानको भाग तीनमा मौलिक हकअन्तर्गत विभिन्न आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सुनिश्चित गरी आवश्यक ऐनहरू ल्याएको भए पनि ती ऐनहरूको नियमावली र कार्यविधिहरू तर्जुमा नहुँदा मौलिक हकको प्रत्याभूतिमा चुनौती थपिएको छ।

यस वर्ष एम्नेस्टी नेपालले आर्थिक र सामाजिक अधिकार अभियानअन्तर्गत अनुसन्धान प्रतिवेदन **"संरक्षणको नाममा मानवअधिकार उल्लङ्घन"** प्रतिवेदन सार्वजनिक गरी नेपालको दुर्व्यवहारपूर्ण संरक्षण नीतिका कारण विगत पाँच दशकदेखि आदिवासी जनजातिहरू शृङ्खलाबद्ध मानवअधिकार उल्लङ्घनबाट पीडित हुनु परेको विषयलाई उजागर गरेको थियो। त्यस्तै जलवायु न्यायसम्बन्धी आफ्ना सदस्यहरूको ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरेको थियो भने कोभिड महामारी प्रतिकार्यका क्रममा मानवअधिकारका दायित्वहरूलाई ध्यान दिन नेपाल सरकारलाई सुझाएको थियो।

## १.१ संरक्षणको नाममा मानवअधिकार उल्लङ्घन प्रतिवेदन सार्वजनिकीकरण र विभिन्न अभियानात्मक गतिविधिहरू

एम्नेस्टी इन्टरनेसनल र सामुदायिक आत्मनिर्भर केन्द्र (सिएसआरसि) ले सन् २०१९ देखि नेपालको भूमि अधिकारसम्बन्धी समस्याका सवालमा समुदायमा आधारित कार्यमूलक अनुसन्धान (Community Action Research) पद्धतिका आधारमा अनुसन्धान कार्य गरेको थियो। दाङ, बाँके, बर्दिया र कैलालीका भूमिहीन थारु र अन्य आदिवासी समुदायको समस्याहरूलाई समुदाय स्तरबाटै समस्या पहिचान गरी विभिन्न अभियानहरूसमेत सञ्चालन गर्दै जाने उद्देश्यले सो अनुसन्धान थालनी गरिएको थियो।




अध्ययनका क्रममा नेपालको संरक्षण क्षेत्रहरूमा मानवअधिकारका निकै गम्भीर चासोका विषयहरू पहिचान हुन थालेपछि साथै चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरूले स्थानीय चेपाङहरूको वस्ती नै जलाउने र बर्दिया राष्ट्रिय निकुञ्जका अधिकारीहरूले मध्यवर्ती क्षेत्रमा बसोवास गरिरहेका भूमिहीन थारू आदिवासीहरूलाई जबर्जस्ती निष्कासन गर्न सूचना जारी गर्ने गतिविधिहरू हुन थालेपछि सन् २०२० मा यस अध्ययनलाई राष्ट्रिय निकुञ्जको समस्यामा केन्द्रिकृत गरिएको थियो।

यी दुई निकुञ्जमा भएका मानवअधिकार उल्लङ्घनका श्रृङ्खला र व्याप्त दण्डहीनतालाई नेपालको संरक्षण प्रयासहरूका प्रतिनिधिमूलक रूपमा लिएर तयार गरिएको "संरक्षणका नाममा मानवअधिकार उल्लङ्घन" अनुसन्धान प्रतिवेदन विश्वका आदिवासीहरूको अन्तर्राष्ट्रिय दिवस ९ अगस्ट अर्थात् २०७७ श्रावण २५ का दिन एक भर्चुअल पत्रकार सम्मेलन आयोजना गरी सार्वजनिक गरिएको थियो। उक्त कार्यक्रममा दक्षिण एसिया कार्यालयका उपनिर्देशक दिनुशिका दिसानयके, सिएसआरसिका कार्यकारी निर्देशक जगत बस्नेत र समुदायका पाँचजना प्रभावित/पीडितले प्रस्तुती राखुभएको थियो भने कार्यक्रमलाई एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियाले सहजीकरण गर्नुभएको थियो। पत्रकार, नागरिक समाज, पीडित र विभिन्न समुदायका व्यक्तित्वहरूको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रमलाई फेसबुक लाइभ गरिएको थियो जसलाई यहाँ सुन्न सकिन्छ ।




कार्यक्रमसँगै प्रेस विज्ञप्ति पनि जारी गरिएको थियो जसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले प्रमुखताका साथ संप्रेषण गरेका थिए। केही संप्रेषणहरू निम्न छन्:

1. AFP: Indigenous peoples 'abused' under Nepal's conservation policies: rights groups - France 24
2. Tittle Press: Nepal: Indigenous peoples, silent victims of the country's conservation success I TittlePress
3. International Business Times: Indigenous Peoples 'Abused' Under Nepal's Conservation Policies: Rights Groups (ibtimes.com)
4. Foreign Affairs Co Nz: MIL-OSI NGOs: Nepal: Indigenous peoples the silent victims of country's conservation 'success story' I ForeignAffairs.co.nz
5. Kuwait Times: PDF Page 7- E-paper (kuwaittimes.net)
6. Nepal News: Indigenous people, the silent victims of conservation 'success story': Amnesty International, CSRC I NepalNews
7. The Himalayan Times: Indigenous people are victims of conservation 'success story' - The Himalayan Times - Nepal's No.1 English Daily Newspaper
8. Republica: Indigenous people are silent victims of country's conservation 'success story' - myRepublica - The New York Times Partner, Latest news of Nepal in English, Latest News Articles (nagariknetwork.com)
9. Rising Nepal: Indigenous peoples, the silent victims of conservation 'success story': Report (risingnepaldaily.com)
10. Online Khabar (English): Amnesty International: Nepal's indigenous peoples silent victims of conservation success - OnlineKhabar English News
11. www.197.news: https://www.197.news/indigenous-peoples-the-silent-victims-of-conservation-success-story-report/
12. Khabar Hub: Indigenous peoples, the silent victims of conservation 'success story': Report – Khabarhub
13. BBC News Nepali: नेपाल वन्यजन्तु: के संरक्षणका क्रममा मानव अधिकार उल्लङ्घन भएको छ, एउटा ताजा अध्ययनले यसो भन्छ - BBC News नेपाली

14. Rato Pati: नेपालका आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गर्न सरकारहरु नराम्ररी विफल : एम्नेस्टी | Ratopati
15. Radio Kantipur: “संरक्षणको नाममा आदिवासी समुदाय मानवअधिकार उल्लंघनबाट पीडित” (radiokantipur.com) In Audio: https://www.facebook.com/kantipurradio/videos/928621991051325
16. Action Khabar: आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित नेपाल सरकार सफल हुन सकेन :एम्नेस्टी इन्टरनेशनल - Action Khabar - Nepali Online News Portal
17. Sarbochcha Media: नेपालका आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गर्न सरकारहरु नराम्ररी विफल : एम्नेस्टी - Sarbochcha Media
18. Sidha Bichar: नेपालका आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न सरकारहरु विफल : एम्नेस्टी — SidhaBichar

त्यस्तै श्रावण २७ मा राष्ट्रिय मानवअधिकार आयोगका का.मु सचिव मुरारी खरेललाई उक्त प्रतिवेदन पेश गरी राष्ट्रिय मानवअधिकार आयोगलाई अझसक्रिय अनुगमन गरी पीडित जनताहरूको पक्षमा वकालत गर्न अनुरोध गरिएको थियो। जवाफमा सचिव खरेलले उक्त प्रतिवेदन अध्ययन गर्ने र राष्ट्रिय मानवअधिकार आयोगलाई दिएका सिफारिसहरू कार्यान्वयन गर्ने बताउनु भएको थियो।

नेपालमा संरक्षणको नाममा मानवअधिकार उल्लङ्घन भएको विषयलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि सिएसआरसिका जगत बस्नेत र एम्नेस्टी नेपालका निर्देशकले संयुक्त रूपमा लेख लेख्नु भएको थियो र अन्तर्राष्ट्रिय जर्नल दी थर्ड पोलमा प्रकाशित भएको थियो। साथै यसै प्रतिवेदनमा आधारित भएर रेडियो कान्तिपुरले एमनेस्टी नेपालसँग अन्तर्वार्ता पनि लिएको थियो भने कान्तिपुर दैनिकका सम्पादक घनश्याम खड्काले स्थानीय स्तरमा भ्रमण गरी पीडित र अन्य सरोकारवालाहरूसँग संवाद गरी एम्नेस्टीले उठाएका मानवअधिकारका विषयवस्तुहरूलाई सरलीकृत र क्लिष्ट भाषामा “बफरजोनमा सङ्घर्षरत मानव जीवन” शीर्षकको एउटा विस्तृत लेख २०७९ श्रावण ९ मा प्रकाशन गरेका थिए।







August 11, 2021

## AI Nepal and CSRC submit ‘Violations in the name of conservation’ report to the NHRC

On 11 August, a delegation from Amnesty International Nepal (AI Nepal) and Community Self Reliance Centre (CSRC) submitted a report entitled “Violations in the name of conservation” to the National Human Rights Commission (NHRC).

AI Nepal's Director Nirajan Thapaliya and CSRC's Director Jagat Basnet handed over the copy of the report to the NHRC's acting Secretary Murari Prasad Kharel.

AI and CSRC had jointly launched the report through a virtual press conference on 9 August, which also marked the International Day of the World's Indigenous Peoples.

यसै प्रतिवेदनमा आधारित भएर भाद्र २२ का दिन एम्नेस्टी नेपाल र मार्टिन चौतारीद्वारा संयुक्त रूपमा एउटा छलफल कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त छलफलमा सिएसआरसिका जगत बस्नेत, संवैधानिक कानुन व्यावसायिक मञ्चका अध्यक्ष राजु प्रसाद चापागाईं र आदिवासी जनजाति अभियन्ता यशो कान्ति भट्टचनले आफ्नो गहन विमर्श प्रस्तुत गर्नुभएको थियो।



कोरोना महामारीको कहर घट्दै गएपछि यस प्रतिवेदनका विषयवस्तुलाई प्रभावित र स्थानीय सरोकारवालालाई शेयर गर्ने र सुझाव संकलन गर्ने उद्देश्यले २०७९ असार ९ गते बर्दियाको गुलरियामा एउटा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी, बर्दिया र बाँके राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृतहरू, राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दियाका प्रमुख, बाँके र बर्दिया जिल्लाका वनअधिकृतहरू, स्थानीय प्रभावित जनसमुदाय, नागरिक समाजका प्रतिनिधिहरू र पत्रकारहरूको सहभागिता थियो। थप विवरणहरू एम्नेस्टी नेपालको वेभपेज [Findings of the report 'Violations in the Name of Conservation' shared with local stakeholders in Bardiya - Amnesty International Nepal (amnestynepal.org)] मा हेर्न सक्नुहुनेछ।

अभियानकै क्रममा नेपालका राष्ट्रिय निकुञ्जहरूलाई लामो समय देखि सहयोग गर्दै आएको अन्तर्राष्ट्रिय संस्था डब्लूडब्लू यफ (WWF) सँग २०७९ वैशाख २७ मा एम्नेस्टी नेपाल र सामुदायिक आत्मनिर्भर केन्द्रको टोलीले भेटी उक्त प्रतिवेदन हस्तान्तरण गरी त्यहाँ भएका निचोड र सिफारिसहरूका बारेमा जानकारी गराएको थियो। चितवन र बर्दिया जिल्लामा अनुसन्धानमा संलग्न स्थानीय अनुसन्धानकर्ता र प्रभावित समुदाय अधिकांश थारू समुदायका भएकोले यस प्रतिवेदनलाई थारू भाषामा पनि अनुवाद गरिएको छ।






# 'बफरजोन' मा संघर्षरत मानव जीवन

निकुञ्ज आसपासका किसान संरक्षित वन्यजन्तुबाट जति पीडित छन्, त्योभन्दा बढी सरकारी नीति र व्यवहारले आजित छन् । कमाइ खाने खेत वर्षौंदेखि निकुञ्जभित्र छ, जहाँ पाइला टेक्न पनि पाउँदैनन् । अधियाँमा लगाएको बाली र गोठका चौपाया निकुञ्जका जनावरले खाइदिन्छन् । पछिल्लो समय त वन्यजन्तुबाट मान्छेमाथि नै आक्रमणका घटना बढेका छन् ।







गेरुवा खोलाले धार परिवर्तन गर्दा ३ सय किसानका १२ सय बिघा जमिन वर्षौंदेखि निकुञ्जभित्र परेको छ, जहाँबाट पालिकाले ढुंगागिट्टी ठेक्का लगाएर बेच्छ तर जग्गाधनी छिमिक्क पाउँदैनन्

निकुञ्जभित्र परेको जमिन तटबन्ध गरेर फिर्ता दिनुपर्ने, त्यसो गर्न नसके त्यति नै जग्गा अन्यत्र दिएर स्थानान्तरण गरिदिनुपर्ने स्थानीय बासिन्दाको माग छ तर सरकार कुरै सुन्दैन

## १.२ कोभिड महामारीका सवालमा भएका अभियानात्मक गतिविधिहरू



कोभिड महामारी प्रतिकार्यका क्रममा नेपाल सरकारलाई नेपालको संविधान, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनका आधारमा परिपालन गर्नुपर्ने मानवअधिकारका दायित्वहरूसमेतलाई ध्यान दिँदै आवश्यक व्यवस्था गर्न इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स्, एम्नेस्टी इन्टरनेसनल नेपाल, जुरी नेपाल, नेपाली पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल र एड्भोकेसी फोरमद्वारा २०७८ असोज १३ मा तत्कालीन कानुनमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई संयुक्त रूपमा सिफारिसहरूसहितको ज्ञापन पत्र बुझाइएको थियो। कानुनमन्त्री कार्कीले सिफारिसहरूलाई सकारात्मक रूपमा ग्रहण गरिएको जनाउँदै उक्त सिफारिसहरूलाई संबोधन गर्ने दिशामा पहल गर्न भूमिका खेल्ने आश्वासन दिलाउनुभएको थियो।

कोभिड खोप दिन सुरू गरिएको प्रथम वार्षिकीको अवसरमा एम्नेस्टी इन्टरनेसनलले मंसिर २२ मा प्रेस वक्तव्य जारी गरेको थियो। उक्त वक्तव्यमा खोपको असमान वितरणलाई संबोधन गरी धनी मुलुकहरूले खोपको अत्यधिक मात्र भण्डारण गरिराखु अन्यायपूर्ण भएको जनाइएको थियो। उक्त विज्ञप्तिलाई नेपालीमा अनुवाद गरी नेपाली सञ्चार माध्यमहरूलाई पनि संप्रेषण गरिएको थियो। त्यस्तै फाल्गुन २ मा अन्तर्राष्ट्रिय सचिवालयले सार्वजनिक गरेको कोभिड खोप वितरणको अवस्थाबारे गरेको अध्ययन प्रतिवेदन र प्रेस विज्ञप्तिलाई नेपाली संचार लगायत नागरिक समाजमा संप्रेषण गरिएको थियो। प्रेस विज्ञप्तिको अंशलाई नेपालीमा अनुवाद पनि गरिएको थियो । उक्त अध्ययनले सन् २०२१ मा कोभिड—१९ विरुद्धको खोपको समान वितरणलाई सुनिश्चित गर्न गरिएका गम्भीर आह्वानका बाबजुत एक शताब्दीमा एक पटक भएको विश्वव्यापी स्वास्थ्य तथा मानवअधिकार सङ्कटको चुनौतीलाई सामना गर्न औषधी कम्पनीहरू नराम्ररी चुकेको एम्नेस्टीको अध्ययनले देखाएको थियो।



AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL

SHARE

February 14, 2022

### कोभिड-१९: खोपमा समान पहुँच स्थापित गर्नमा औषधी कम्पनीहरूको विफलताले सन् २०२१ मा मानवअधिकार विपत्ति

सन् २०२१ मा कोभिड-१९ विरुद्धको खोपको समान वितरणलाई सुनिश्चित गर्न गरिएका गम्भीर आह्वानका बाबजुत एक शताब्दीमा एक पटक भएको विश्वव्यापी स्वास्थ्य तथा मानवअधिकार सङ्कटको चुनौतीलाई सामना गर्न औषधी कम्पनीहरू नराम्ररी चुकेका छन्। यसको सट्टा ती कम्पनीहरूले प्रविधिमाथि एकाधिकार जमाएको, बौद्धिक सम्पत्तिलाई एकआपसमा साझेदारी गर्न अवरोध खडा गर्ने मात्र हैन यसरी साझेदारी गर्नुपर्छ भन्ने अभिमतका विरुद्ध वकालत समेत गरेको, खोपहरूमा चर्को मूल्य लगाएको र धनी देशहरूमा खोप आपूर्तिलाई प्राथमिकता दिएको कुरा एम्नेस्टी इन्टरनेसनलले आज कोभिड-१९ विरुद्धका प्रमुख खोप उत्पादकहरूमाथि गरेको एउटा नयाँ अध्ययनलाई सार्वजनिक गर्दै बतायो।



## १.३ चरम गरिबी र मानवअधिकारसम्बन्धी विशेष प्रतिवेदकको भ्रमण टोलिसँग संवाद र औपचारिक सब्मिसन

चरम गरिबी र मानवअधिकारसम्बन्धी विशेष प्रतिवेदकको कार्यालयकी अगात ओसिन्किीसँग नेपाल भ्रमणपूर्व तयारीका लागि गरिबी र मानवअधिकारका विविध सवालमा एम्नेस्टीको अवधारणा र दृष्टिकोण बुझ्न र सुझावका लागि कार्तिक ३ मा जुम बैठक भएको थियो। एम्नेस्टीले खाद्य अधिकार, आवासको अधिकार, जमिनमा पहुँचको अधिकार, आप्रवासी श्रमिकको अधिकार, द्वन्द्व र प्राकृतिक विपतका पीडितहरूको अवस्था, जलवायु परिवर्तनले सिमान्तकृत आदिवासीहरूमा पारेको प्रभाव आदिका बारेमा गरेका अनुसन्धान र वकालतका साथै एम्नेस्टीको दृष्टिकोणका बारेमा जानकारी गराइएको थियो। साथै नेपालका कारागारको अवस्था र गरिबी र अपराध तथा कारागारवासको बीचको सम्बन्धमा पनि उहाँहरूले जिज्ञासा राख्नुभएको थियो। साथै एम्नेस्टीले प्रतिवेदकको अध्ययन भ्रमणलाई सहज पार्ने उद्देश्यले दक्षिण क्षेत्रीय कार्यालय (सारो) को प्राविधिक सहयोगमा निर्धारित ढाँचा अनुसारको दस्तावेज पनि बुझाइएको थियो।

## १.४ काठमाडौं महानगरपालिकालाई शहरी गरिब र बिपन्नप्रति संवेदनशील बन्न माग गर्दै विज्ञप्ति

सडकमा मकै पोलेर जिविकोपार्जन गर्ने नागरिकप्रति नगर प्रहरीको ज्यादतीका सवालमा चासो दर्शाउँदै एम्नेस्टी नेपाललगायत आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार सञ्जालका मानवअधिकार संघ संस्थाहरूले महानगरलाई मानोवेचित व्यवहार, उचित विकल्पसहितको मर्यादित जीवनको हक लगायतका सवालमा संवेदनशील बन्दै आफ्नो नागरिक दायित्व र जिम्मेवारी पूरा गर्न माग गर्दै असार २० गते संयुक्त विज्ञप्ति जारी गरिएको थियो ।

July 6, 2022

### शहरी गरीब तथा विपन्न वर्गका नागरिकको मर्यादापूर्वक जीवन जिउन पाउने अधिकारको सम्मान गर्न काठमाडौं महानगरपालिका लगायत सम्बन्धित सबैमा अपिल ।

२२ असार, २०७९, काठमाडौं

काठमाण्डौ महानगरपालिकाअन्त्रतगत नगर प्रहरीले सडक किनारामा मकै पोलेर जीविका चलाउँदै आएका नागरिकमाथि जवरजस्त उनीहरूको सामान समेत कब्जा गरी नेपालको संविधानले प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लङ्घन गर्दै जबर्जस्ती विस्थापन गरिएको अमानवीय व्यवहारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालको जनसंख्याको करिव १७ प्रतिशत हिस्सा बहुआयामिक गरिबीको चपेटामा परेको यथार्थ सबैमा विदितै छ । गरिबी र पछ्यौटेपना कसैको पनि रहर होइन, मूलतः राज्यको गैरजिम्मेवारीपनको उपज हो । उसै त पछिल्लो दश वर्षमा नेपालमा धनी र गरि बीचको खाडल झनै फराकिलो हुँदै गएको अध्ययनले देखाएको छ । झन् यहाँको गरिबीको अवस्था करिब दुई वर्षभन्दा बढी समय विश्वभर रहेको त्रासदीपूर्ण कोभिड–१९ ले पारेको बहुआयामिक असरले अझै बढेको विभिन्न अध्ययनहरूले देखाएका छन् ।

राज्यले नागरिकलाई रोजगारीको अधिकारबाट बञ्चित गरेका कारण लाखौं संख्यामा नेपाली युवा विदेशी भूमिमा कठिन श्रम गर्न बाध्य छन् । धैरै विपन्न परिवारका मानिसहरू आफ्ना सन्तानको उज्वल भविष्यको परिकल्पना सहित काठमाडौं उपत्यका लगायतका शहर जीविकोपार्जनका विभिन्न उपाय अपनाउँदै आएका पाइन्छन् । त्यसैले गरीब हुनु अपराध गर्नु होइन । झट्ट हेर्दा सडक किनारा लगायतका सार्वजनिक स्थल व्यापार व्यवसाय गर्ने स्थल होइनन् भन्ने लाग्दछ । यो जोखिमपूर्ण हुँदाहुँदै पनि धैरैका लागि बाध्यताको विषय भएको देखिन्छ ।



## आर्थिक सामाजिक अधिकारअन्तर्गत स्थानीय स्तरमा समूह तथा युथ नेटवर्कहरूले गरेका गतिविधिहरूको झलक












*विभिन्न युथनेटवर्कहरूद्वारा स्थानीय स्तरमा भएका गतिविधिहरूको झलक*

## २. दण्डहीनताविरुद्धको अभियान

एम्नेस्टी नेपालले यस अभियानअन्तर्गत सन् १९९६ देखि २००६ सम्म चलेको सशस्त्र द्वन्द्वको क्रममा भएका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र अन्य जघन्य मानवअधिकार उल्लङ्घनका हजारौं पीडितहरूलाई सत्य, न्याय र परिपूरण प्रदान गर्न सरकारलाई दबाब दिदैं आएको छ भने अर्को तर्फ बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र सङ्क्रमणकालीन न्यायका सिद्धान्तअनुकूल संशोधन गर्न माग गर्दै आएको छ।

### २.१ अन्तर्राष्ट्रिय फौजदारी न्याय दिवसको सन्दर्भमा विविध गतिविधिहरू

अन्तर्राष्ट्रिय न्याय दिवस १७ जुलाईको अवसरमा एम्नेस्टी नेपालद्वारा एड्भोकेसी फोरमसँगको सहकार्यमा श्रावण १ का दिन **"नेपालमा रोम विधान अनुमोदनको औचित्य"** शीर्षकको वेबिनार आयोजना गरिएको थियो।




वेबिनारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव कोशल चन्द्र सुवेदी, अन्तर्राष्ट्रिय फौजदारी अदालत प्रेसिडेन्सी कार्यालयका बाह्य सम्पर्क सल्लाहकार माटियास हेलम्यान, द्वन्द्वपीडित साझा चौतारीका पूर्व अध्यक्ष सुमन अधिकारी, द्वन्द्वपीडित महिला मञ्चकी उपाध्यक्ष गिता रसाइली, आइसिजेकी वरिष्ठ कानुनी सल्लाहकार मन्दिरा शर्मा र तराई मानवअधिकार रक्षक सञ्जालका कार्यकारी निर्देशक मोहन कर्ण वक्ताका रूपमा सहभागी रहनुभएको थियो। वक्ताहरूले नेपालमा विद्यमान दण्डहीनताको अवस्था, सशस्त्र द्वन्द्वका क्रममा नेपालमा भएका उल्लङ्घन र ज्यादतीका प्रवृत्ति र प्रकृतिमाथि चर्चा गर्दै अन्तर्राष्ट्रिय प्रकृतिका अपराधहरूको रोकथाम तथा ती अपराधमा विद्यमान दण्डहीनता अन्त्यका लागि नेपालले किन अन्तर्राष्ट्रिय फौजदारी न्याय अदालत अनुमोदन गर्नु आवश्यक छ भन्ने विषमा प्रस्तुतीहरू राख्नुभएको थियो।

त्यस्तै साही दिन एम्नेस्टी नेपाल र एड्भोकेसी फोरमद्वारा सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अपराधसम्बन्धी रोम विधान अनुमोदन माग गर्दै विज्ञप्ति जारी पनि गरिएको थियो। विज्ञप्तिमा दण्डहीनता अन्त्य गर्ने अन्तर्राष्ट्रिय अपराधका पीडितहरूको न्यायका लागि निरन्तर वकालत तथा अभियान चलाईरहने आफ्नो प्रतिबद्धतालाई पनि पुनः दोहोर्याइको थियो। उक्त विज्ञप्तिको राम्रो मिडिया कभरेज रहेको थियो र केही लिङ्कहरू तल राखिएको छ।



1. Himalayan Times: https://epaper.thehimalayantimes.com/html5/reader/production/default.aspx?pubname=&edid=03c27146-7185-480f-9b1f-a611a5867c6d
2. My Republica: https://myrepublica.nagariknetwork.com/news/advocacy-forum-nepal-amnesty-international-nepal-urge-govt-to-ratify-rome-statute/
3. Nepalnews: https://www.nepalnews.com.np/s/nation/af-ai-nepal-urge-government-to-ratify-rome-statute
4. Khabar Hub: https://english.khabarhub.com/2021/17/197429/
5. TheMargin: https://themargin.com.np/news/detail/981/?fbclid=IwAR317yUUeyiJV3Gajvyjo6WOPjmV3LabSikizU67eLTdbe0s4GfDg4EwQ8Q
6. **Adharbhumi:** http://aadharbhumi.com/2021/07/17/100495/
7. SANGAM KHABAR: https://sangamkhabar.com.np/archives/18250
8. हिमालय टाइम्स: https://ehimalayatimes.com/samaj/61803
9. SM NEWS: here
10. Saptari Today: https://www.saptaritoday.com/5914
11. बालासुन्दरी खबर: https://balasundarikhabar.com/news/2021/07/17/233.html
12. डिसी नेपाल: https://www.dcnepal.com/2021/07/268660/
13. Youth Today: https://youthtodaynews.com/category/main-news/edabhakasa-farama-ra-emanasata-inataranasanal-napalthavara-rama-vathhana-anamathanaka-lga-sarakaralii-aagaraha
14. सूत्र न्यूज: https://sutranews.com/72759/2021/07/16
15. नेपाल समय: https://www.nepalsamaya.com/detail/57204



# Call to urgently ratify Rome Statute

Himalayan News Service
*Kathmandu, July 16*

On International Criminal Justice Day, Advocacy Forum-Nepal and Amnesty International Nepal have urged the Government of Nepal to urgently ratify Rome Statute.

The two organisations also reiterated their commitment to ceaselessly advocate and campaign towards combating impunity and serving justice to those who have been victims of international crimes. "We do not see any logic behind the government's reluctance towards not acceding the statute of the International Criminal Court even after 23 years of its adoption. Any further delay in being party to the statute demonstrates that Nepal is not only hesitant to end the impunity for the perpetrators of the international crimes but is also unwilling to contribute towards the prevention of these crimes in the future," said Nirajan Thapaliya, Director of AI Nepal.

In all the last three Universal Periodic Review cycles (2011, 2015 and 2021), Nepal has received recommendations from several UN member states to prioritise ratifying the Rome Statute of the ICC, which adjudicates international crimes such as war crimes, crimes against humanity, genocide and crimes of aggression, along with other international human rights instruments. During the first cycle, Nepal had labelled the recommendation as "under consideration" while in subsequent two cycles, Nepal has simply "noted" it.

"The ratification of the Rome Statute will be a positive step toward addressing the deeply entrenched culture of impunity as it will serve as a strong deterrent towards the abuse of power and commission of these serious crimes in the future," said Om Prakash Sen Thakuri, executive director of AF. The Rome Statute endows individual criminal responsibility on the international crimes and this will serve as a tool to dissuade parties to the conflict, including the leaders in each rank and file to commit the heinous crimes that have been committed in many conflict situations, both the organisations said. They further added that being party to this statute will also prepare grounds in Nepal to strengthen the domestic criminal justice system of Nepal.

AF and AI Nepal echoed the preamble of the Rome Statute that it is the duty of every State to exercise its criminal jurisdiction over those responsible for international crimes and accountability of such crimes is the foundation of a just society.

त्यसैगरी एम्नेस्टी नेपालका सदस्यहरूलाई याक्सन सर्कुलर जारी गरी रोम विधानको बारेमा सुझाउनुका साथै रोम विधान अनुमोदन गर्न नेपाल सरकारलाई दबाब सृजना गर्नका लागि विभिन्न तरिकाबाट गतिविधिहरू आयोजना गर्नका लागि पनि अनुरोध गरिएको थियो।

## २.२ बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस (International Day of the Victims of Enforced Disappearances)

सन् २००६ मा संयुक्त राष्ट्रसङ्घको महासभाबाट पारित बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सन् २०१० मा कार्यान्वयनमा आएपछि संयुक्त राष्ट्रसङ्घले सन् २०११ देखि सो

महासन्धि पारित भएको दिन अगस्ट ३० लाई बेपत्ता पारिएका व्यक्तिहरूको सम्झनामा बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवस **International Day of the Victims of Enforced Disappearances** का रूपमा घोषणा गरेपछि बेपत्ता पारिएका व्यक्तिहरूको स्मरणमा विभिन्न कार्यक्रम र अभियानहरू गर्ने गरिएको छ।



नेपालमा पनि सशस्त्र द्वन्द्वका पीडित तथा नागरिक समाज सङ्घ संस्थाहरूले यस दिनलाई विभिन्न गतिविधिहरू गरेर मार्क गर्ने गरिँदै आएको छ। विगतका वर्षहरू जस्तै एम्नेस्टी नेपालले केन्द्रीय स्तरमा द्वन्द्वपीडित समूह र नागरिक समुदायसँगको सहकार्यमा बेपत्ता पारिएका व्यक्तिहरूको स्मरणमा भाद्र १४ गते साँझ ५ बजे काठमाडौंको माईतीघर मण्डलामा दीप प्रज्वलन कार्यक्रम आयोजना गरेको थियो। यस कार्यक्रमा काठमाडौं उपत्यकामा रहेका समूह, युथ नेटवर्क र समर्थक सदस्यहरूको उपस्थितिको रहेको थियो।

त्यस्तै यस दिवसको सन्दर्भ पारेर एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स् वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्ट्सद्वारा संयुक्त प्रेस विज्ञप्ति जारी गरिएको थियो। विज्ञप्तिमा नेपाल सरकारलाई सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतको फैसला तत्काल कार्यान्वयन गर्न तथा बलपूर्वक बेपत्ताका घटना र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अन्य अपराध र जघन्य ज्यादतीहरूलाई नियमित अदालतमार्फत अघि बढाउने गरी तत्काल कदम चाल्न अनुरोध गरिएको थियो।




SHARE

August 30, 2021

# नेपाल: बलपूर्वक बेपत्ता पारिएका घटनाहरूमा सत्य निरूपण र न्याय प्रदान गर्नमा अवरोध गर्ने कार्य अन्त्य गर

*अन्तर्राष्ट्रिय साझेदारहरूले पीडितका आवश्यकता र विश्वसनीय कानुनी प्रक्रियालाई दृढतापूर्वक समर्थन गर्नुपर्छ।*

(न्यूयोर्क/लन्डन/जेनेभा, १४ भाद्र २०७८): नेपाल सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतको फैसला तत्काल कार्यान्वयन गर्न तथा बलपूर्वक बेपत्ताका घटना र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अन्य अपराध र जघन्य ज्यादतीहरूलाई नियमित अदालतमार्फत अघि बढाउने गरी तत्काल कदम चाल्नुपर्दछ, एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स् वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्ट्सले आज भने। यो वर्षको बलपूर्वक बेपत्ता पारिएका पीडितहरूका लागि अन्तर्राष्ट्रिय दिवसमा आइपुग्दा पनि हजारौं परिवारहरू आफ्ना बेपत्ता प्रियजनहरूलाई के भयो भन्ने सत्य कुरा थाहा पाउने सवालमा १५ वर्षअघि सशस्त्र द्वन्द्व अन्त्य हुँदाको अवस्था भन्दा खासै नजिक पुग्न सकेका छैनन्।

नेपालको सर्वोच्च अदालतले वि.सं २०५२ देखि २०६२ सम्म चलेको सशस्त्र द्वन्द्वकालमा भएका अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घनका हजारौं मुद्दामा सत्य स्थापित गर्न र पीडितलाई न्याय प्रदान गर्नका लागि सार्थक र प्रभावकारी सङ्क्रमणकालीन न्याय प्रक्रिया सञ्चालन गर्न तथा द्वन्द्वकालीन मानवअधिकारका घोर उल्लङ्घनहरूको छानबिन गर्न सरकारलाई पटक पटक आदेश दिएको छ ।

"नेपाल सरकारले विश्वसनीय र सामयिक सङ्क्रमणकालीन न्याय प्रक्रिया सञ्चालन गर्न विफल भएर सर्वोच्च अदालतको स्पष्ट आदेशलाई घोर उल्लङ्घन गर्न पुगेको छ," दक्षिण एसियाका लागि आइसीजेकी वरिष्ठ कानुनी सल्लाहकार मन्दिरा शर्माले भनिन्।

सशस्त्र द्वन्द्वकालमा भए गरिएका ज्यादतीहरूको छानबिनका लागि सन् २०१५ मा सङ्क्रमणकालीन न्याय प्रक्रियाको एउटा अङ्गका रूपमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग (बेपत्ता आयोग) गठन गरिएको थियो। गत वर्ष बेपत्ता आयोगले बलपूर्वक बेपत्ता पारिएका २,५०६ जनाको सूची प्रकाशित गरेको थियो। तर यस आयोगले एक जना पीडितको अवस्था पनि निर्धारण गर्न सकेको छैन र कुनै पनि पीडकलाई जवाफदेही बनाउन सकेको छैन। पीडित परिवारहरूले न्याय प्राप्तिको प्रयास गरिरहेका छन् तर प्रत्येक पटक बनेका सरकारहरूले कानुनी कारबाहीको प्रकृयालाई अवरुद्ध पारेका छन्।

"आफ्ना प्रियजनलाई के भएको थियो भन्ने थाहा पाउन नसकेर बलपूर्वक बेपत्ता पारिएका पीडितका परिवारले गहिरो वेदना भोगेका छन् जबकी नेपाली राज्यले सत्य पत्ता लगाउने उनीहरूको प्रयासमा अवरोध खडा गर्न एउटा झुठो सङ्क्रमणकालीन न्याय प्रक्रियाको प्रयोग गरेको छ", ह्युमन राइट्स वाचकी दक्षिण एसिया निर्देशक मिनाक्षी गाङ्गुलीले भनिन्। "वर्तमान प्रक्रियाले सत्य, मेलमिलाप, न्याय वा जवाफदेहिता प्रदान गर्ने काम गर्दैन, बरु पीडकलाई संरक्षण गर्ने र पीडितहरूलाई उनीहरूको अधिकारबाट वञ्चित गर्ने काम गर्दछ।"

बेपत्ता आयोगसँगै नेपालले सत्य निरूपण तथा मेलमिलाप आयोग (सत्य आयोग) पनि स्थापना गरेको छ। सत्य आयोगले द्वन्द्वकालीन मानवअधिकार का ६० हजारभन्दा बढी उजुरीहरू प्राप्त गरेको छ। तर एउटै पनि मुद्दाको समाधान गर्न सकेको छैन।

Recently added

APPEAL FOR ACTION

अस्तित्वको लागि विरोध

APPEAL FOR ACTION

त्रासदीपूर्ण दमनका पीडितहरूलाई स्मरण गरेको कारण जेल सजाय

APPEAL FOR ACTION

फेसबुकमा पोस्ट गरेकोमा जेल चलान

Amnesty International Nepal

Follow Page

Amnesty International Nepal

Since the Myanmar military's coup on 1 February 2021, nearly 16,000 people have been arrested, over 700,000 forced from their homes, and this July the military resumed executions.

Sign now – Ask companies and governments across the globe to help end the bloody oppression by the military in Myanmar.

## २.३ द्वन्द्वपीडितहरूलाई संयुक्त राष्ट्रसङ्घमा ज्ञापन पत्र बुझाउने कार्यमा प्राविधिक सहयोग

संयुक्त राष्ट्रसङ्घको ७६ औं महासभामा सहभागी हुन पुगेका परराष्ट्रमन्त्री डा. नारायण खड्काले दिनुभएको सङ्क्रमणकालीन न्यायसम्बन्धी अभिव्यक्तिमा द्वन्द्वपीडितहरूले चासो व्यक्त गरेका थिए। उनीहरूले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई असोज १४ गते एउटा पत्र लेखी उनको भनाईमा विश्वास नगर्न र नेपाललाई शीघ्र न्याय निरुपण गर्नमा दबाब दिन अनुरोध गरेका थिए। यस पहलमा एम्नेस्टी नेपाललाई प्राविधिक सहयोग र नेपालीमा अनुवादका लागि अनुरोध गरिएको थियो र उक्त सहयोग प्रदान गरिएको थियो।

एम्नेस्टी नेपालले यससम्बन्धी एउटा भिडियो बनाई सामाजिक सञ्जालमार्फत शेयर पनि गरेको थियो ।

द्वन्द्व पीडित साझा चौतारी
Conflict Victims' Common Platform (CVCP)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल
स्था: २०७१

**Bringing to your attention the reality of Nepal's long-stalled transitional justice against the backdrop of what Foreign Minister Narayan Khadka remarked during the 76th Session of the UN General Assembly**

30 September 2021

**His Excellency Mr. António Guterres**
UN Secretary-General
United Nations
United Nations Headquarters
New York, NY 10017

*via*
*Office of the UN Resident Coordinator in Nepal*
*UN House*
*Pulchowk, Lalitpur, PO Box 107, Kathmandu, Nepal*

Your Excellency,

We, the victims of human rights violations would like to update you that Nepal continues to fail establishing truth, justice, reparations for thousands of victims of human rights violations committed during Nepal's 1996-2006 conflict. During the 76th Session of the General Assembly of the UN on 27 September 2021 at New York, the Foreign Minister of Nepal Dr. Narayan Khadka




केही न्युज लिङ्कहरू

1. https://asthanews.com/news/detail/32481
2. https://kathmandupost.com/national/2021/10/01/nepali-state-has-lied-once-again-on-transitional-justice-conflict-victims-say
3. https://ekantipur.com/news/2021/09/30/163299860820786168.html

## २.४ द्वन्द्वपीडितहरूको भेटघाट कार्यक्रममा प्राविधिक सहयोग प्रदान

दशैंको अवसरमा न्याय नपाएर भौंतारीएका द्वन्द्वपीडितहरूले एकआपासमा आफ्नो भावना र पीडा साटासाट गर्न र शुभकामना व्यक्त गर्न सार्वजनिक स्थल (माइतीघर र देशभरीका विभिन्न स्थान) मा भेला भई कार्यक्रम आयोजना गर्न प्राविधिक सहयोगको अनुरोध गरेबमोजिम एम्नेस्टी नेपालले ब्यानरको डिजाइन र प्रिन्टिङ तथा माइकको व्यवस्थापन गरेको थियो। उक्त कार्यक्रम असोज २३ गते आयोजना गरिएको थियो।





## २.५ सभामूखको स्पेन भ्रमणका सवालमा ध्यानाकर्षण

द्वन्द्वकालमा काभ्रे दाप्चाका अर्जुनबहादुर लामाको अपहरणपछि हत्या गरेको अपराधमा आरोपित रहनुभएका सभामूख अग्नी सापकोटाले अन्तर्राष्ट्रिय संसदीय सङ्घ (आइपियु) मा भाग लिन स्पेन भ्रमण गर्न लागेको सन्दर्भमा विश्वव्यापी क्षेत्राधिकारअन्तर्गत कारबाही योग्य अपराधमा आरोपित रहेको सन्दर्भको अनुरोध गर्दै जवाफदेहिता निगरानी समितिलगायत विभिन्न मानवअधिकार सङ्घ संस्थासँगको सहकार्यमा अन्तर्राष्ट्रिय संसदीय सङ्घका अध्यक्ष द्वार्ते पाचेकोलाई मङ्सिर ४ मा संयुक्त पत्राचार गरिएको थियो जसमा एम्नेस्टी नेपालको सहभागिता र संलग्नता रहेको थियो ।

## २.६ विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिएको १५ वर्षको सन्दर्भ

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिएको वर्षगाँठ मङ्सिर ५ को सन्दर्भमा विविध गतिविधिहरू सम्पन्न गरिएको थियो। पीडित सङ्घ संस्थाहरूको अनुरोधबमोजिम माइतिघर मन्डलामा आयोजना गरिएको धर्ना कार्यक्रमका लागि ब्यानरको डिजाइनर गरी प्रिन्ट गर्ने र उक्त कार्यक्रममा माइकको सहयोग प्रदान गर्दै एम्नेस्टी नेपालको तर्फबाट उपस्थिति जनाइएको थियो।




त्यस्तै एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स्, ट्रायल इन्टरनेसनल र ह्युमन राइट्स् वाचले संयुक्त विज्ञप्ति जारी गर्दै १५ वर्ष पुरानो विस्तृत शान्ति सम्झौतामा गरिएका वाचाहरू पूरा नगरिएको र विद्यमान आयोगहरू केबल पीडितलाई नियमित न्याय प्रकृयामा जानबाट रोक्नका लागि प्रयोग गरिएको देखिएको जनाउँदै यथाशीघ्र सङ्क्रमणकालीन न्याय ऐन संशोधनको प्रकृयाबाट विश्वसनीय र प्रभावकारी

न्याय निरूपणको बाटोमा अग्रसर हुन माग गरेका थिए। उक्त विज्ञप्तिलाई सञ्चार माध्यमहरूले व्यापक संप्रेषण गरेका थिए।




केही न्युज कभरेजहरू

1. रिलिफ वेब : Nepal: 15 Years On, Act on Peace Agreement Pledges: https://reliefweb.int/report/nepal/nepal-15-years-act-peace-agreement-pledges?fbclid=IwAR2Zh2ehR3Hj4hzcI-4tn9IVAqy8wtH50xKaGEnCZ_WJJt3eTToQcDritP8

2. सुत्रन्युज : १५ वर्ष पुरानो विस्तृत शान्ति सम्झौतामा गरिएका वाचाहरू पुरा गर्न नेपाललाई अन्तर्राष्ट्रिय समुदायको आग्रह : https://www.sutranews.com/100526/2021/11/20/?fbclid=IwAR2X2VK3rUI-Vuia8wHWJiPqxob8hNu_mnDEsTjPWjIA_F5NK9uT2kUiGiU

3. Kathmandu Post: Four international rights bodies call on Nepal to act on peace pact pledges: https://bit.ly/2Z53slw

4. नेपाल समय : सरकारलाई अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाले सोधे - द्वन्द्वपीडितलाई न्याय र अपराधीलाई सजाय दिन ढिलाइ किन? : https://nepalsamaya.com/samaj/2021-11-20-155005?fbclid=IwAR2Hwwe5deq0b3kf27FhaGk50Mnp7ftDB1D3eyB1Ol5pSnF6onSyMd--rXQ

5.Khabarhub: 15 years since CPA, Nepal's pledges to TJ remain unmet: International rights : organizationshttps: https://english.khabarhub.com/2021/20/221306/?fbclid=IwAR2X2VK3rUI-Vuia8wHWJiPqxob8hNu_mnDEsTjPWjIA_F5NK9uT2kUiGiU

6. Himalkhabar: शान्ति सम्झौतामा गरिएका वाचा पूरा गर्न चार अन्तर्राष्ट्रिय संस्थाको आग्रह : https://www.himalkhabar.com/news/126661?fbclid=IwAR2HL0Y2M3e_OikR9gcsDMikVEupfpUtEjOBKGC8FPYSQXkDZ2OExgmyn3w

7. The Himalayan Times: Int'l bodies urge Nepal to act on peace pact: https://thehimalayantimes.com/nepal/intl-bodies-urge-nepal-to-act-on-peace-pact?fbclid=IwAR0zXF_HgnAOWry-IUue4AyGjkKdV0V7MOu6P_vVXCQbh-ssQ8DaaQhvF0s

8. Kantipur: द्वन्द्वपीडित निरन्तर उपेक्षित: https://ekantipur.com/news/2021/11/21/163745900156126989.html?fbclid=IwAR0ZPTpyvDanVBt7niCgVApH9km_VmDuHRH0eMaOfRg8Mvr8pKzyi4VpOmA

9. Shilapatra: द्वन्द्वकालीन घटनामा न्याय दिन नेपालले अझै आनाकानी गरेको भन्दै अन्तर्राष्ट्रिय संस्थाहरूको आपत्ति :

https://shilapatra.com/detail/71344?fbclid=IwAR3tsn3ykYc6VKLMXkXFGZCuwd4DIATcISAikvWHcAnWW5R-C0s8prutzJI

10. हिमाल टेलिभिजन : विस्तृत शान्ति सम्झौताका १५ वर्ष पूराः द्वन्द्व पीडितले अझै पाएनन् न्याय : himalayatv.com/2021/11/21/53272/

11. लोकान्तरः विस्तृत शान्ति सम्झौताको १५ वर्षः अझै पाइएन न्यायः https://lokaantar.com/story/163456/2021/11/21/current-affairs/justice

त्यस्तै रेडियो क्यान्डिड ९२.७ मेघाहर्जले मङ्सिर ५ गते एम्नेस्टी नेपालका निर्देशकसँग विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको १५ वर्ष पूरा भएको सन्दर्भमा सङ्क्रमणकालीन न्यायको अवरुद्धतालगायतको विषयमा लाइभ अन्तर्वार्ता लिएको थियो। त्यस्तै *राइट फर राइट्स्* कार्यशालाको दौरान बुटवलस्थित राज्य टेलिभिजनमा नेपालको वर्तमान सङ्क्रमणकालीन न्यायको अवस्था लगायत मानवअधिकार अवस्थाको बारेमा निर्देशकले लाइभ अन्तर्वार्ता दिएका थिए।

त्यसैगरी, एम्नेस्टी नेपालले नेपालका स्थानीय मानवअधिकार र पीडित संघ संस्थाहरूद्वारा जारी गरिएको विज्ञप्तिमा पनि आफ्नो सहभागिता जनाएको छ। उक्त विज्ञप्ति मस्यौदाको संपादन लगायतका प्राविधिक सहयोगको काम पनि एम्नेस्टी नेपालले प्रदान गरेको थियो।

## २.७ मुक्तिनाथ अधिकारी २० औं स्मृति कार्यक्रम

२०५८ साल माघ ३ मा लमजुङका शिक्षक तथा एम्नेस्टी नेपाल तत्कालीन समूह ७९ का संयोजक मुक्तिनाथ अधिकारीलाई तत्काली नेकपा माओवादीका कार्यकर्ताद्वारा हत्या गरिएको बीसौं वर्षको सन्दर्भमा एम्नेस्टी नेपाल र मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठानको संयुक्त आयोजनामा स्मृति सभा कार्यक्रम आयोजना गरिएको थियो । एम्नेस्टी नेपालको कार्यालय बालाजुमा भर्चुअल माध्यबाट आयोजना गरिएको उक्त कार्यक्रममा देश विदेशबाट स्वर्गीय अधिकारीका आफन्त, मित्र, छिमेकी, विद्यार्थी, सहकर्मी, पत्रकार, नागरिक समाजका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा नेपाली काँग्रेसका महामन्त्री गगन थापाले पनि सहभागिता जनाउँदै आफ्नो मन्तव्य राख्नुभएको थियो। कार्यक्रमलाई एम्नेस्टी नेपालको फेसबुक पेजबाट लाइभ ब्रोडकास्ट पनि गरिएको थियो।






## यातनासम्बन्धी पाटन उच्च अदालतको फैसलामा प्रतिक्रिया

२०७७ श्रावणमा चितवन राष्ट्रिय निकुञ्जका सुरक्षा अधिकारीको यातनाका कारण मृत्यु भएका राजकुमार चेपाङ्को मुद्दामा जिल्ला अदालत चितवनको फैसला उल्टाई कर्तव्य ज्यानमा अभियोजन गरी सोहीअनुरूप गरिएको फैसलाको स्वागत गर्दै एम्नेस्टी नेपालद्वारा फाल्गुन ९ मा भिडियो सन्देश संप्रेषण गरिएको थियो ।

## २.८ सरकारद्वारा सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधनको प्रयास

२०७८ साल चैत्रमा गोविन्द शर्मा कोइराला कानुन मन्त्रीका रूपमा नियुक्त भएपछि उनले सङ्क्रमणकालीन न्याय ऐन संशोधनको सन्दर्भमा उहाँले केही सकारात्मक "जेस्चर" देखाउनुभएकोले र लामो समयदेखि पीडितहरूकै न्याय अभियानमा रहेका अधिकारकर्मी भएको आधारले पनि आशा गर्ने ठाउँ केही देखिएको तर "नन निगोसिएबल" विषयहमा कुनै "कम्प्रोमाइज" नगरी तथा मन्त्रीलाई शङ्काको सुबिधा दिँदै चनाखो सहकार्यमा रहनुपर्नेमा यस क्षेत्रका सबै साझेदारहरूको मतैक्यता रहेको थियो ।

## कानुन मन्त्री कोइरालासँग भेटघाट

वैशाख १४ गते कानुन मन्त्री कोइरालाको आमन्त्रणमा कानुन, न्याय तथा संसदीय मन्त्रालय, सिंहदरबारमा नागरिक समाज, कानुन मन्त्री र मन्त्रालयका उच्च पदस्थ कर्मचारी (सचिव, सहसचिव र अधिकृतहरू) सम्मिलित परामर्श छलफलमा एम्नेस्टी नेपालको सहभागिता रहयो। उक्त छलफलमा नागरिक समाजको र पीडित समूहका तर्फबाट उपस्थिति रहेको थियो । उक्त छलफल कार्यक्रममा जेठ २ गतेदेखि मन्त्रालयले देशका सातै प्रदेशहरूमा पीडित र नागरिक समाजसँग प्रतिनिधिमूलक ढङ्गमा आयोजना गर्न लागिरहेको कानुन संशोधनसम्बन्धी परामर्शको ढाँचा के कस्तो तय गर्ने भन्न विषमा विचार आदान प्रदान भएका थिए । परामर्शलाई व्यापक र फलदायी बनाउन पीडित, मानवअधिकार समुदाय र मन्त्रालयबाट दुई दुई जना प्रतिनिधिहरू समावेश गरी एउटा समिति बनाउने र उक्त नागरिक समाज र पीडितको तर्फबाट समितिले परामर्शको कार्यविधि र तरिकाबारे निर्णय गर्ने सहमति भएको थियो ।

## नागरिक समाज र पीडितको तर्फबाट दस्तावेज तयार गर्न विभिन्न अनलाइन र फिजिकल बैठकहरू

सङ्क्रमणकालीन न्यायका संभावना र अन्य विविध सवालहरूमा छलफलका लागि मानवअधिकार समुदाय र पीडित समुदायका प्रतिनिधि सम्मिलित विभिन्न चरणका भर्चुअल बैठकहहरूमा एम्नेस्टी नेपालको सहभागिता रहयो । वैशाख १३ देखि २४ सम्म विभिन्न चरणमा भएका बैठकहरूमा नागरिक समाज र पीडितको तर्फबाट एउटा ठोस विषयवस्तु समावेश गरिएको दस्तावेज तयार गर्ने सहमति भएको थियो।

सोही सहमतिअनुसार अधिवक्ता राजुप्रसाद चापागाईंले वैशाख २५ गते एउटा ६ पृष्ठको दस्तावेज तयार गरी सुझावका लागि शेयर गर्नुभएको थियो। उक्त दस्तावेजलाई थप परिष्कृत गरी विषयवस्तुमा वृहत छलफलका लागि सुमन अधिकारी र चरण प्रसाईंको अनुरोधमा वैशाख २६ गते एम्नेस्टी नेपालले युनियन हाउस अनाममा एउटा सानो बैठकको लागि प्राविधिक र आर्थिक सहयोग गरेको थियो । उक्त बैठकमा वैशाख २५ गते मन्त्रालयमा भएका छलफलका बारेमा अन्य सहभागीहरूलाई चरण प्रसाईं र सुमन अधिकारीले जानकारी गराउनुभएको थियो । परामर्श जेठ ९ गतेबाट सुरू गर्ने, ५० जनाको सङ्ख्यामा सहभागी हुने,

ग्रुप छलफल शैलीमा सत्र सञ्चालन गरिने, परमार्शको रेकर्डिङ्ग नोट टेकिङ्ग र भिडियो दुवै माध्यमबाट गरिने, मन्त्रालयले जेठ ५ गते सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्ययोजना तयार गरी सबै सरोकारवालाहरूसँग एउटा बैठक बसी सार्वजनिक गर्ने जेठ ६ गते पत्रकारहरूलाई समेत बोलाएर जानकारी गराउने आदि बारेमा जानकारी गराएको थिए। नागरिक समाजका केही व्यक्तित्वहरूले पीडकहरू एकदमै बलियो भएको यो समयमा नागरिक समाज अत्यन्तै चनाखो भएर भोलि प्रकृयाको बन्धनमा आफू नपरिने गरी “ननिगोसियबल” सिद्धान्त र मान्यताहरूलाई अक्षुण राख्दै सावधानीपूर्वक सहभागिता जनाउनुपर्ने तर्फ आफ्नो धारणा राख्नु भएको थियो ।

## जेठ ६ गतेको कानुन मन्त्रालय बैठकमा सहभागिता

जेठ ६ गते कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वाारा आयोजना गरिएको परामर्श कार्यक्रममा पनि एम्नेस्टी नेपालले सहभागिता जनायो । संक्रमणकालीन न्याय प्रकृयालाई पीडित केन्द्रित, पारदर्शी र विश्वसनीय बनाउने भन्ने उद्देश्यका साथ बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विधेयकको मस्यौदा तयार गर्नुपूर्व द्वन्द्व पीडित, संक्रमणकालीन न्यायको क्षेत्रमा कार्यरत संघ—संस्था तथा नागरिक समाजसँग उक्त परामर्श कार्यक्रमको आयोजना गरिएको जनाइएको थियो । कार्यक्रममा परामर्श सञ्चालनको ढाँचा र अन्तर्वस्तुमाथि छलफल भएको थियो। कार्यक्रममा सहभागीहरूले परामर्शका विभिन्न ढाँचाहरू र छलफल गरिने विषयवस्तुहरूबारे आ—आफ्नो धारणा राखेका थिए। एम्नेस्टी नेपालले मानवअधिकारको गम्भीर उल्लङ्घन र मानवताविरूद्धका अपराधहरूमा आममाफी दिन नमिल्ने गरी सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुरूप पीडितहरूसँग प्रभावकारी परामर्श गरी संक्रमणकालीन न्यायसम्बन्धी ऐनलाई संशोधन गर्नुपर्ने आफ्नो धारणालाई दोहोर्याएको थियो ।

## सङ्क्रमणकालीन न्याय संशोधनका लागि कानुन मन्त्रालयद्वारा थालिएको परामर्शमा पीडित समुदायलाई परामर्श पूर्व तयारी छलफल आयोजनाका लागि आर्थिक र प्राविधिक सहयोग

कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले दश वर्षे सशस्त्र द्वन्द्वका पीडितहरूलाई न्याय र परिपूरण सुनिश्चित गर्नका लागि सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय मापदण्डबमोजिम हुनेगरी सङ्क्रमणकालीन न्यायसम्बन्धी व्यवस्था गर्न बनेको **बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१** संशोधनका लागि जेठ १८ गते देखि देशका सातै प्रदेशमा पीडित र नागरिक समाजसँग परामर्श सुरू गरेको थियो। विद्यमान कानुन त्रुटीपूर्ण रहेको र सोही त्रुटीपूर्ण आयोगहरूको जगमा राजनीतिक भागबण्डाका आधारमा गठन गरिएका आयोगहरू निष्प्रभावी हुन पुगेको वर्तमान सन्दर्भमा कानुन मन्त्रालयका नवनियुक्त कानुन मन्त्री गोविन्द शर्मा बन्दीद्वारा प्रदर्शित सक्रियताले पीडित र नागरिक समाजमा केही रक्तसञ्चार गरेको अवस्था थियो। मन्त्रालयले पटकपटकको तयारी छलफलहरूपछि सातै प्रदेशमा परामर्शको कार्यतालिका सार्वजनिक गरेपश्चात पीडित समुदायहरूले उक्त परामर्शमा अर्थपूर्ण सहभागिता जनाउनका लागि तयारी गर्नुपर्ने र सो तयारीका लागि मानवअधिकार संस्थाहरूलाई सहयोग गर्न अनुरोध गरे बमोजिम एम्नेस्टी नेपालले जेठ २० गते, चितवनमा सम्पन्न परामर्शका लागि प्राविधिक र आर्थिक सहयोग प्रदान गरेको थियो।

सो प्रयोजनका लागि एम्नेस्टी नेपालका निर्देशकले जेठ १९ गते चितवन भ्रमण गरेका थिए। सिन्धुपाल्चोक, रामेछाप, नुवाकोट, मकवानपुर, काठमाडौं, धादिङ र चितवन लगायतका जिल्लबाट करिब ३० जना पीडितहरूले मन्त्रालयद्वारा गर्न लागिरहेको परामर्शका लागि तयार पारेको प्रश्नावलीमा केन्द्रित भएर छलफल गरेका थिए। उक्त छलफललाई एम्नेस्टी नेपालका निर्देशक सहजीकरण गरेका थिए। कानुनमा विद्यमान समस्याहरू के हुन, गम्भीर अपराध, क्षमादान, मेलमिलाप, परिपूरण, सत्यको खोजी, अभियोजन, संस्थागत सुधार जस्ता गम्भीर विषयहरूमा समूह छलफलका माध्यमबाट मन्त्रालयद्वारा तयार पारिएको प्रश्नावलीहरूमा तयारी गरी फ्लिपचार्टमा प्रस्तुत गर्ने अभ्यास पीडितहरूले गर्नुभएको थियो। उक्त तयारी छलफलले जेठ २० गते मन्त्रालयद्वारा भएको परामर्शमा धेरै सजिलो भएको र सहजताका साथ आफ्नो विषयवस्तुहरू राख्न सकिएको पीडित सहभागीहरूले जनाउनुभएको थियो। उक्त तयारी कार्यक्रममा काठमाडौंबाट द्वन्द्वपीडित राष्ट्रिय महिला सञ्जालकी अध्यक्ष सिर्जना श्रेष्ठ र गुल्मीका द्वन्द्वपीडित अपाङ्ग सङ्गठनका अध्यक्ष सुरेन्द्र खत्रीले पनि सहभागिता जनाउनुभएको थियो। उहाँहरू सबैजनालाई जेठ १९ गतेको दिवा नास्ता, रात्री खाना र आवासको व्यवस्था एम्नेस्टी नेपालले गरेको थियो।

## प्रादेशिक परामर्शको डिब्रिफिङ् सत्र

कानुन मन्त्रालयले सबै प्रदेशहरूमा पीडित र नागरिक समाजका प्रतिनिधिहरूसँग परामर्श गरिसकेको सन्दर्भमा असार १३ गते नेपाल पिस बिल्डिङ्ग इनिसियटिभको आयोजनामा तय गरिएको डिब्रिफिङ् सत्रमा एम्नेस्टी नेपालका निर्देशकले सहभागिता जनाउँदै चितवनमा भएको परामर्शका बारेमा सहभागि सबैलाई विस्तृत जानकारी गराउने कार्य गरेका थिए। काठमाडौंमा आयोजना गरिने केन्द्रीय स्तरको परामर्शका बारेमा पनि उक्त कार्यक्रममा छलफल गरिएको थियो। कानुन संशोधनमा देखिएका चुनौती र खासगरी कानुन मन्त्रालयले साँच्चिकै इमान्दार प्रयास गरेको देखिएपनि राजनीतिक तहमा शीर्ष नेताहरूले सत्य र न्यायको विषयबाट उम्कनलाई अनेक बहानावाजी गर्ने सन्दर्भमा चनाखो रहँदै खबरदारी गर्नु पर्ने सवालमा सबैको मतैक्यता रहेको थियो।

## राष्ट्रिय परामर्श कार्यक्रममा सहभागिता





बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने उद्देश्यले नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले द्वन्द्वपीडित र नागरिक समाजका प्रतिनिधिहरूसँग सातै प्रदेशमा परामर्श सम्पन्न गरेपश्चात असार २० गते केन्द्रीय स्तरको परामर्श आयोजना गरेको थियो। कार्यक्रममा पीडित समुदाय, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदायलगायतबाट उपस्थिति रहेको थियो। कार्यक्रमको सुरूआती चरणमा कानुन मन्त्रालयका सहसचिव मानबहादुर जिसिले सातै प्रदेशबाट प्राप्त हुन आएका

सत्यको खोजी, अभियोजन, परिपूरण, संस्थागत सुधार र अन्य विषयसम्बन्धी सुझावहरूको प्रस्तुति गरेका थिए। त्यसपछि माननीय कानुन मन्त्री गोविन्द "बन्दी"ले उपस्थित सबैलाई सर्वोच्च अदालतको आदेशबमोजिम ऐन संशोधनमा सहयोग हुनेगरी खासगरी "पीडक" भनिएको पक्षलाई आयोगमा आएर बयान दिन प्रोत्साहन हुने सुनिश्चितता सहित आयोगको क्षेत्राधिकारलाई फराकिलो पार्नका लागि सुझावहरू पेश गर्न अनुरोध गर्नु भएको थियो। कार्यक्रममा नागरिक समाज र पीडितहरूका समुदायको अलग अलग समूहमार्फत मन्त्रालयलाई कानुनमा संशोधनका लागि ठोस सुझावहरू प्रस्तुत गरिएको थियो ।

## कानुनमन्त्रीलाई मस्यौदा संशोधन तीन महले हस्तान्तरण

असार २० गते काठमाडौंमा सम्पन्न परामर्शपछि नेपाल सरकारले अपेक्षित रूपमा संशोधन विधेयक प्रस्तुत नगरेको र नागरिक समाज र पीडितसँग परामर्श पनि नगरेको सन्दर्भ तथा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगको म्याद असार मसान्तसमा सकिन लागेको सन्दर्भमा असार ३१ गते, शुक्रबार सरकारले विधेयक दर्ता गर्ने संभावनाका बीच नागरिक समाज र पीडितको तर्फबाट संशोधन मस्यौदा तीन महले तयार पारी असार ३० गते कानुनमन्त्री गोविन्द शर्मालाई हस्तान्तरण गरिएको थियो।

कानुनमन्त्रीलाई तीन महले हस्तान्तरण गरिए लगत्तै पत्रकार र नागरिक समाजमा संप्रेषण गरिएको थियो। जसलाई विभिन्न सञ्चार माध्यमहरूले प्राथमिकताका साथ कभर गरेका थिए।

1. कानुनमन्त्रीलाई बुझाइयो संक्रमणकालीन न्याय कानुन संशोधनका विभिन्न सुझाव: https://lokaantar.com/story/189961/2022/7/14/current-affairs/transitional-justice?fs=e&s=cl&
2. बेपत्ता छानबिन सम्बन्धी ऐन संशोधनका लागि दुई दर्जन संस्थाहरुको सरकारलाई सुझाव: https://www.dainiknepal.com/2022/07/570605.html?fs=e&s=cl&
3. संक्रमणकालीन न्याय: ३० ठाउँमा कानुन संसोधन गर्न ६४ संस्थाको माग: https://www.onlinekhabar.com/2022/07/1157906?
4. संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन ६३ संस्थाकोमाग https://www.himalkhabar.com/news/131148?fs=e&s=cl&https://www.himalkhabar.com/news/131148?fs=e&s=cl&
5. संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्दै सरकार : https://nepallive.com/story/286410?
6. सत्य निरुपण ऐन संशोधन विधेयक शुक्रबार संसद्मा लैजाने तयारी धोका नहोस् भन्दै पीडितले बुझाए नमुना मस्यौदा: https://ekantipur.com/news/2022/07/14/165780080937238763.html?

## सरकारद्वारा विधेयक संसदमा दर्ता

सरकारले असार ३१ गते का दिन बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न तयार पारिएको विधेयक संसदमा दर्ता गराएको थियो। सो विधेयकका सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरूले एम्नेस्टीको धारणा र राय माग गरेका थिए। जस्तै काठमाडौं पोष्टमा प्रकाशित "Amendments to transitional justice law 'progressive but not satisfactory" समाचार र सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकको विरोध किन" शीर्षकको हिमाल खबर डट कमको समाचारमा एम्नेस्टी नेपालका निर्देशकको कोट समावेश गरिएको थियो। विधेयकका प्रावधानहरू अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र सङ्क्रमणकालीन न्यायका सिद्धान्तअनुकूल नभएको पाइएपछि पीडित समुदायमा एक खालको नैराश्यता र अन्यौल देखा परेको थियो। पछि नागरिक समाज र पीडितको तर्फबाट विधेयकका

समस्याग्रस्त प्रावधानहरूलाई सच्याउन माग गर्दै संयुक्त विज्ञप्ति जारी गरियो। उक्त विज्ञप्तिका केही कभरेजहरू :

1. Victims object to proposed changes in laws that aim to absolve perpetrators : https://kathmandupost.com/national/2022/07/21/victims-object-to-proposed-changes-in-laws-that-aim-to-absolve-perpetrators
2. संक्रमणकालीन न्याय कानुन संशोधन विधेयकका त्रुटी सच्याउन माग : https://mulukpress.com/news/12225/
3. संक्रमणकालीन न्याय कानुन संशोधन विधेयकका त्रुटी सच्याउन माग: https://www.capitalnepal.com/news/2007310117
4. Thirty-nine rights organisations call for rectifying Transitional Justice Law Amendment Bill https://english.lokaantar.com/news/detail/28523/
5. 39 rights bodies call for rectifying Transitional Justice Law Amendment Bill https://myrepublica.nagariknetwork.com/news/39-rights-bodies-call-for-rectifying-transitional-justice-law-amendment-bill/
6. 39 rights organizations call for rectifying Transitional Justice Law Amendment Bill https://theannapurnaexpress.com/news/39-rights-organizations-call-for-rectifying-transitional-justice-law-amendment-bill-7186
7. संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन विधेयक पीडकलाई उन्मुक्ति दिन केन्द्रित भएको भन्दै पीडितको विरोध https://pahilopost.com/content/20220721171252.html
8. संक्रमणकालीन न्याय कानुन संशोधन विधेयकमा त्रुटि रहेको भन्दै सच्याउन अधिकारवादी संस्थाहरूको आग्रह https://lokaantar.com/story/190609/2022/7/20/current-affairs/transitional-justice
9. Conflict victims call to rectify amendment bill on transitional justice https://www.nepallivetoday.com/2022/07/21/conflict-victims-call-to-rectify-amendment-bill-on-transitional-justice/



International rights groups call for amendment to transitional justice bill

POST REPORT
KATHMANDU, JULY 25

International human rights bodies have called for an amendment to Nepal's transitional justice bill saying in its current form the bill to amend the existing transitional justice law will not fully provide justice to victims or meet Nepal's obligations under international laws.

Issuing a statement, the Amnesty International, Human Rights Watch, International Commission of Jurists and TRIAL International have demanded an amendment to the transitional justice bill.

"Victims and their families who have waited anxiously for amendments to the law, hoping that their demands for truth and justice will be met, are disappointed," said Mandira Sharma, senior international legal adviser at the ICJ, as per the statement. "Despite the promise of reform, this bill, if implemented as it is, would shield many perpetrators from being brought to justice."

After the Supreme Court ruled that the current law fails to meet Nepal's domestic and international legal obligations on several grounds, including that it empowers the two transitional justice commissions to grant amnesties to perpetrators of serious violations of international laws, the transitional justice process has been stalled since 2015 causing deep distress to conflict victims, and continuing to undermine human rights and rule of law, the statement reads.

The groups have pointed out major sections of the bill that violate international law—Section 2(5) categorises violations to make it possible to grant amnesties to perpetrators of gross human rights violations, crimes against humanity and war crimes, while Section 29(5) says verdicts of the Special Court, which will try transitional justice cases, cannot be appealed to the Supreme Court, in violation of international fair trial guarantees.

Besides, it has also pointed out some significant omissions in the bill.

"The bill does not establish any special investigation unit in the transitional justice commissions or the prosecutor's office tasked with evidence collection. Investigation units with expertise in human rights violations would ensure that investigations are prompt, thorough and effective in accordance with international human rights law and standards and that victims can access effective remedies."

It also said the bill does not clarify the principle of non-retroactivity of criminal law in a manner consistent with international laws. "This omission makes it unclear how the Penal Code can be used to prosecute conflict era crimes, as stipulated by the bill, and allows the operation of statutory limitations for the crime of rape."

Seven years after the Supreme Court's directives for amendment, the government on July 15 registered a bill at the parliament secretariat to revise the Commission of Inquiry on Enforced Disappeared, Truth and Reconciliation Commission Act 2014.

The ruling coalition that includes the then warring parties the Nepali Congress and the CPN (Maoist Centre) had picked advocate Govinda Sharma Bandi from outside the Parliament as law minister in a bid to give momentum to transitional justice.

As per the court's verdict of February 2015, the bill has listed out non-amnestiable cases of serious human rights breaches, which include "cruel murder" or murder after torture, rape, enforced disappearances and inhumane or cruel torture.

The bill has segregated cases of human rights violations and serious human rights violations which were not included in the Act. The bill has listed all criminal acts, from rape and killings to arson and looting, as serious human rights violations and has loopholes for amnesties in all the acts except rape. The groups have said although the new bill removes some of the previous amnesty provisions, it would still be difficult or impossible to prosecute those responsible for serious violations of international law.

Victims' groups and civil society organisations have called on the Law Ministry and the Parliament to amend the bill, to ensure that it respects international law and the aspirations of victims which were expressed during recent, brief, consultations organised by the government.

"The endless wait by the victims of conflict, and indeed all Nepalis, for truth and justice which political leaders first pledged in the 2006 Comprehensive Peace Agreement is already getting to a critical point," said Dinushika Dissanayake, deputy South Asia director at the Amnesty International. "This bill should be urgently amended to address its serious weaknesses, because in its current form it cannot address Nepal's long wait for a credible and lawful transitional justice process."



अन्तर्राष्ट्रिय पाँच मानव अधिकारवादी संस्थाको जोड

विद्यमान कानुन संशोधनसहित पीडितलाई न्याय देऊ



'संक्रमणकालीन विधेयक अन्तर्राष्ट्रिय कानुनविपरीत'

काठमाडौं, साउन ९ (नागरिक)- नेपालको संक्रमणकालीन न्याय सम्बन्धी संशोधन गर्न बनाइएको विधेयक अन्तर्राष्ट्रिय कानुनसंगत र द्वन्द्वपीडितलाई न्याय दिन नसक्ने भन्दै मानव अधिकारका क्षेत्रमा काम गर्ने चारवटा अन्तर्राष्ट्रिय संस्थाले टिप्पणी गरेका छन्। एम्नेष्टी इन्टरनेशनल, ह्युमन राइट वाच, इन्टरनेसनल कमिसन अफ् जुरिस्ट र ट्रायल इन्टरनेसनल टुडेले संयुक्त विज्ञप्तिमार्फत संक्रमणकालीन न्याय सम्बन्धी संशोधन विधेयक अन्तर्राष्ट्रिय कानुनको मापदण्डविपरीत संसद्मा दर्ता भएको भन्दै टिप्पणी गरेका हुन्।

पीडित समुह र नागरिक समाजसम्बन्धी संस्थाहरूले विज्ञप्ति जारी गर्दै कानुन, न्याय संसदीय मामिला र संघीय संसद्लाई विधेयक संशोधन गर्दै अन्तर्राष्ट्रिय कानुनको सम्मान र पीडितहरूको अपेक्षालाई सुनिश्चित गर्न आग्रह गरेका छन्।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विधेयकप्रति अन्तर्राष्ट्रिय संघ संस्थाले टिप्पणी गरेका हुन्। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले गत साता संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संशोधनका लागि संसद्मा दर्ता गरेको थियो। विधेयकमा हत्याजस्तो अपराधलाई पनि खुम्चाउँदै 'गम्भीर मानवअधिकार उल्लंघन' र 'मानव अधिकार उल्लंघन' भनी दुई भागमा बाँडिएको छ।

'वर्षौंदेखि न्यायका लागि संघर्ष गरिरहेकाहरूलाई न्यायसम्म पहुँच बनाउन र पीडितलाई प्रभावकारी ढंगले न्याय दिलाउनका लागि विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रियाको आवश्यकता पर्छ,' ह्युमन राइट दक्षिण एसिया निर्देशक मिनाक्षी गांगुलीले भनेकी छिन्, 'मस्यौदामा मुख्यरूपमा संशोधनविना विधेयकले नेपालमा संक्रमणकालीन न्याय प्रक्रियामा देखिँदै आएको कानुनी अड्चनलाई सम्बोधन गर्न सक्दैन।' सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानुनविपरीत भएको भन्दै नागरिक समाज र द्वन्द्वपीडितहरूले सच्चाउन आग्रहसमेत गरिसकेका छन्। अन्तर्राष्ट्रिय संस्थाले विधेयकले संक्रमणकालीन न्यायका लागि पर्याप्त प्रमाण संकलन गर्न र अनुसन्धानका लागि सहयोग नपुग्ने भन्दै चिन्ता व्यक्त गरेका छन्।

त्यसैगरी पीडितहरूले कानुन मन्त्री, संसद् र मानवअधिकार आयोग, प्रधानमन्त्री, विपक्षी दलको नेतालगायत विभिन्न निकायहरूमा विधेयकका सवालमा रहेका आफ्ना गम्भीर सरोकारहरू व्यक्त गरेका थिए। ती सरोकारहरूको विषयवस्तुहरू मस्यौदा गर्ने र अङ्ग्रेजीमा अनुवाद गर्ने लगायतका गतिविधिहरूमा एम्नेस्टी नेपालले सहयोग र सहजीकरण गरेको थियो। त्यस्तै संसदमा दर्ता गरिएको विधेयककलाई पनि अङ्ग्रेजीमा अनुवाद गरी अन्तर्राष्ट्रिय सचिवालयमा प्रेशित गरिएको थियो ।

### संसद्को म्याद सकिएपछि सङ्क्रमणकालीन न्याय कानुन संशोधन प्रकृया बीचैमा भङ्ग

दश वर्षे सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारका गम्भीर उल्लङ्न, युद्ध अपराध र मानवताविरुद्धका जघन्य अपराधका घटनाहरूमा न्याय निरूपण गर्ने विषय विस्तृत शान्ति सम्झौता भएको १६ वर्षपछि पनि समाधान हुन सकिरहेको छैन। यस सन्दर्भमा सरकारले पछिल्लो पटक ऐन संशोधनको लागि निकै मेहनत गरेको भएपनि पछि विधेयकमा संसदमा टेबल भएर कानुन, न्याय तथा मानवअधिकार समितिमा छलफलमा लगिएकोमा विषयवस्तुहरू उक्त समितिबाट नटुङ्गिँदै संसद्को म्याद सकिएपछि ऐन संशोधन प्रकृया पनि बीचैमा समाप्त हुन पुग्यो। अब आशा गरौं नयाँ सरकार र संसद्ले यो मुद्दालाई प्राथमिकताको साथ अगाडि बढाउनेछन्।

## ३. मानवअधिकार शिक्षा अभियान

मानवअधिकार हामी सबैको लागि हो तर हामीले दाबी गरेको अवस्थामा मात्र यसले काम गर्न सक्छ। मानवअधिकार शिक्षाको मुख्य उद्देश्य भनेको पनि मानवअधिकारका विषयलाई कसरी उठान गर्न सकिन्छ भन्नेबारे आममानसलाई ज्ञान प्रदान गर्नु हो। मानवअधिकार शिक्षाले हामीलाई समानता, मर्यादा र सम्मान प्रवर्द्धन गर्ने सीप र व्यवहार विकास गर्न सहयोग गर्दछ।

एम्नेस्टी इन्टरनेसनलले मानवअधिकारको विश्वव्यापी संस्कृति निर्माण गर्न विश्वका सबै क्षेत्रहरूमा विद्यालयहरू र समुदायहरूलाई समर्थन गर्दछ। एम्नेस्टी नेपाल पनि विगतमा विद्यार्थी र सुरक्षाकर्मीलाई मानवअधिकार शिक्षा प्रदान गर्ने अग्रेणी संस्थाको रूपमा परिचित थियो र थुप्रै स्रोत पुस्तिका, मानवअधिकार प्रशिक्षण पाठ्यक्रम लगायत अन्य सामाग्रीहरू विकास गरेको थियो।

अहिलेको बदलिदो परिस्थितिमा, एम्नेस्टी नेपालको मानवअधिकार शिक्षा कार्यक्रमलाई विभिन्न प्लेटफर्म र माध्यमहरूबाट फराकिलो बनाउँदै बढी भन्दा बढी जनमानसमा पुग्ने प्रयत्नहरू भइरहेको छ। एम्नेस्टीले आफ्ना सदस्य र समर्थकहरूलाई परिचालन गरी "individual as multipliers" को रूपमा मानवअधिकार शिक्षाको प्रवर्धनमा भूमिका खेलिरहेको छ।

## ३.१ जलवायु परिवर्तन र मानवअधिकार विषयक कार्यशाला

एम्नेस्टी नेपालद्वारा २०७८ मङ्सिर ९ र १० मा **"जलवायु परिवर्तन र मानवअधिकार"** शीर्षकको कार्यशाला आयोजना गरिएको थियो। करिब ५० जना एम्नेस्टी सदस्यहरूको सहभागिता रहेको उक्त कार्यशालामा जलवायु परिवर्तनसम्बन्धी विज्ञ र नेपाल सरकारका परामर्शदाता मंजित ढकाल, वन तथा वातावारण मन्त्रालयका उपसचिव मिलन ढुङ्गाना, पाओर सिफ्ट नेपालका सगारिका भट्ट, सेन्टर फर इन्डिजिनस पिपल्ज् रिसर्च एण्ड डेभलपमेन्टका कमला थापा मगर बाह्य श्रोत व्यक्तिका रूपमा रहनुभएको थियो। कार्यशाला अत्यन्तै इन्गेजिङ्ग र उपयोगी रहेको सहभागीहरूको प्रतिक्रिया रहेको थियो।







## ३.२ प्रदेश २ मा पत्रकारहरूका लागि मानवअधिकार प्रशिक्षण कार्यशाला सम्पन्न

त्यसैगरी पत्रकारहरूको मानवअधिकार संगठन (हुर्जा) सँगको सहकार्यमा मंसिर १९ र २० गते प्रदेश २ को राजधानी जनकपूरमा **"मानवअधिकार पत्रकारिता"** विषयक एक कार्यशाला/तालिम कार्यक्रम आयोजना गरिएको थियो। प्रदेश २ का विभिन्न सञ्चार माध्यमहरूमा कार्यरत २४ जना पत्रकारहरूले उक्त कार्यशालामा सहभागिता जनाएका थिए। प्रदेश २ का मूख्य न्यायधिवक्ता दिपेन्द्र झा, राष्ट्रिय मानवअधिकार आयोगको प्रादेशिक कार्यालय प्रमूख बिर बहादुर बुढा मगर, हुर्जाका अध्यक्ष र बोर्ड सदस्य क्रमशः घनश्याम खड्का र बिनोद घिमिरे, बरिष्ठ पत्रकार अञ्जली सुवेदी, एम्नेस्टीका दक्षिण एसिया क्षेत्रीय कार्यालयका क्याम्पेनर बाबुराम पन्त लगायतद्वारा उक्त तालिममा प्रशिक्षण प्रदान गरिएको थियो।





यस कार्यक्रम पश्चात प्रदेश २ का मूख्य न्यायधिवक्ता दिपेन्द्र झाज्यूलाई उहाँको कार्यकक्षमा भेटघाट गरी प्रदेश २ को मानवअधिकार अवस्था खासगरी गैरन्यायिक हत्याका पीडित र हिरासतमा मृत्य भएका पीडित परिवारहरूको न्यायिक सवालका बारेमा छलफल गरिएको थियो।

भ्रमणका क्रममा हिरासतमा मृत्यु भएका केही व्यक्तिको (सम्भु सदा लगायत) आफन्तहरूसँग भेटी उहाँहरूको पीडा बोध गर्नुका न्याय प्राप्तिका लागि उहाँहरूले सामन गर्नुपरेको कठिनाई र चुनौतीका बारेमा जानकारी लिइएको थियो। त्यस्तै प्रदेश २ को प्रख्यात टेलिभिजन च्यानल अप्पन टेलिभिजनमा मानवअधिकारका विभिन्न सवालमा केन्द्रित रहेर एम्नेस्टी नेपालका निर्देशकले लाइभ अन्तर्वार्ता दिनुभएको थियो।

## ३.३ मानवअधिकारसम्बन्धी सिकाइलाई सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड' गेम एप सार्वजनिक

एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयले पछिल्लो पुस्ताका मानवअधिकार रक्षकहरूलाई अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्वक भेला हुन पाउने स्वतन्त्रता जस्ता अधिकारहरूको बारेमा शिक्षित गर्ने उद्देश्यकासाथ अन्तर्राष्ट्रिय शिक्षा दिवसका अवसरमा राइट्स आर्केड (Rights Arcade) नामक एउटा निःशुल्क मानवअधिकारसम्बन्धी मोबाइल गेम एप सार्वजनिक गरेको थियो।




यस एपलाई युवाहरूको माझ लोकप्रिय ढङ्गमा प्रचारप्रसार गरी मानवअधिकार शिक्षा सामग्रीको रूपमा प्रयोग गर्ने उद्देश्यले एप सार्वजनिक गर्नु अघि एम्नेस्टी नेपालका केही युथ सदस्यहरूलाई एम्नेस्टी नेपालको कार्यालयमा माघ अभिमूखीकरण पनि गराइएको थियो।



नेपालमा माघ १० का दिन एम्नेस्टी नेपाल र एम्नेस्टी दक्षिण एसिया क्षेत्रीय कार्यालयद्वारा संयुक्त रूपमा उक्त गेम एप एक भर्चुअल कार्यक्रम आयोजना गरी सार्वजनिक गरिएको थियो। उक्त कार्यक्रममा एम्नेस्टी नेपालका सदस्य, नागरिका संघ संस्थाका प्रतिनिधि र पत्रकार लगायतको उपस्तिथि रहेको थियो। कार्यक्रममा दक्षिण एसिया क्षेत्रीय कार्यालय निर्देशक यमिनी मिश्र, ह्युमन राइट्स् कोओर्डिनेटर सौम्या डिम्री, युवा इन्फ्लुएन्सर सैग्रेस पोखेलल, राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारी खरेल, राष्ट्रिय मानवअधिकार आयोगका पूर्व

आयुक्त मोहना अन्सारीलगायतको उपस्थिति रहेको थियो। कार्यक्रमलाई फेसबुकमार्फत लाइभस्ट्रिम पनि गरिएको थियो।

उक्त एपले प्रयोगकर्ताहरूलाई स्वनियन्त्रित गतिमा खेल्न मिल्ने गेमका माध्यमबाट मानवअधिकारका आधारभूत विषयमा परिचित गराई मानवअधिकारसम्बन्धी "याक्सन" लिनमा उत्प्रेरित गर्ने विश्वास लिइएको छ। बङ्गलादेश, चीन र थाइल्याण्डका अन्याय र प्रताडनामा पारिएका तीन जना मानवअधिकार रक्षकहरूको न्यायका लागि यस एपमार्फत सहभागीहरूले याक्सन गर्न सक्ने छन् । यस एप सार्वजनिक गरिएको अवसरमा प्रेस विज्ञप्ति पनि जारी गरिएको थियो र उक्त विज्ञप्तिलाई निम्न लिखित नेपाली सञ्चार माध्यमहरूले संप्रेषण गरेका थिए :




1. KHABARHUB: Amnesty International launches Rights Arcade game app to make human rights learning accessible: https://english.khabarhub.com/2022/23/233885/
2. Samaya Samachar: Amnesty International launches 'Rights Arcade' app: https://samayasamachar.com/2022/01/24/amnesty-international-launches-rights-arcade-app/
3. KathmanduPati: Amnesty International launches 'Rights Arcade' app: https://english.kathmandupati.com/special/12131/
4. Zipe-EDUCATION: Amnesty International launches Rights Arcade app to enable human rights learning: https://zipe-education.com/amnesty-international-launches-rights-arcade-app-to-enable-human-rights-learning/
5. नेपाल समय : सिकाइ सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड÷ एप सार्वजनिक: https://nepalsamaya.com/samaj/2022-01-23-221000
6. SM NEWS: मानवअधिकारसम्बन्धी सिकाइलाई सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड ÷ गेम एप सार्वजनिक:
7.TECHPANA.COM: मोबाइलमा गेम खेल्दै मानव अधिकारबारे जानकारी लिन सकिने: https://www.techpana.com/2022/117015/
8. Gorakha Sansaar: एम्नेस्टी इन्टरनेशनलले मोबाइल गेम एप "राइट्स आर्केड" लन्च गर्दै: https://gorkhasansar.com/archives/64059
9. Nayasadak.com: सिकाइ सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड÷ एप सार्वजनिक: https://nayasadak.com/details/13209
10. NEWS NEPAL: मानवअधिकार सम्बन्धी सिकाइलाई सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड ÷ गेम एप सार्वजनिक
11. Nepal Post Dainik: मानवअधिकारसम्बन्धी सिकाइलाई सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड ÷ गेम एप सार्वजनिक: https://www.nepalpostdainik.com/npd/2022/01/23/21092/
12. सुलेसुले: सिकाइ सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड÷ एप सार्वजनिक: https://www.sulsule.com/news/104228/
13. Kanchanrup News : मानव अधिकारसम्बन्धी सिकाइलाई सहज बनाउन 'राइट्स आर्केड ÷ गेम एप सार्वजनिक: https://kanchanrupnews.com/2022/01/13029/

14. Mahottari TODAY: मानवअधिकारसम्बन्धी सिकाइलाई सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड ÷ गेम एप सार्वजनिकः https://www.mahottaritoday.com/news/25046

15. रेडियो जुनताराः निःशुल्क मानवअधिकारसम्बन्धी मोबाइल गेम एप सार्वजनिकः https://eradiojuntara.com/news/1445

16. GAUSHALA EXPRESS: मानवअधिकार सम्बन्धि सिकाइलाई सहज बनाउन एम्नेस्टीद्वारा 'राइट्स आर्केड" गेम एप सार्वजनिकः https://gaushalaexpress.com/news/5196.html

17. Rajbiraj DAINIK: सिकाई सहज बनाउन एम्नेस्टिद्वारा 'राइट्स आर्केड' एप सार्वजनिकः https://rajbirajdainik.com.np/Content/ePapers/11_32a.pdf

## ३.४ एम्नेस्टी नेपालका सदस्यहरूका लागि डेटा सुरक्षासम्बन्धी कार्यशाला

अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भ पारी एम्नेस्टी इन्टरनेसनल नेपालले *उइमिन इन बिग डेटा* (Women in Big Data) सँगको सहकार्यमा फाल्गुन २४ गते एम्नेस्टी नेपालका सदस्यहरूका लागि एक दिने **'Belt Your Data'** नामक डेटा सुरक्षासम्बन्धी कार्यशालाको आयोजना गरेको थियो। उक्त कार्यक्रममा विशेषगरी एम्नेस्टी नेपालका महिला सदस्यहरूको सहभागिता रहेको थियो ।

डेटा र डेटा सुरक्षाबारे बुझाई विस्तार गर्ने लक्ष्यका साथ आयोजना गरिएको यस कार्यशालामा काठमाडौं उपत्यकामा रहेका एम्नेस्टी समूह र युथ नेटवर्कका ३७ जना सदस्यहरूको उपस्थिति रहेको थियो। डेटाको सुरक्षा कसरी गर्ने र अनलाइन जोखिमहरूलाई कसरी कम गर्ने भन्ने विषयमा यस कार्यशाला उपयोगी रहेको कार्यक्रमका सहभागीहरूले बताएका थिए।

## ३.५ एम्नेस्टी नेपाल कार्यालयको सहयोगमा विभिन्न ठाउँमा अभिमूखीकारण तथा अनुशिक्षण

विभिन्न समूह र युथनेटवर्कहरूले अभिमूखीकरणको माग गरेको सन्दर्भमा एम्नेस्टी नेपालद्वारा काठमाडौं उपत्यका लगायत विभिन्न जिल्लाहरूका समूह र युथनेटवर्कहरूलाई भौतिक तथा भर्चुअल माध्यमबाट कार्यक्रम आयोजना गरिएको थियो।





काठमाडौं विश्व विद्यालय युथ नेटवर्कको अनुरोधमा श्रावण १६ गते ३५ जना सदस्यहरूलाई भर्चुअलमाध्यमबाट मानवअधिकार शिक्षा र मानवअधिकार पुस्तिकाकाबारे अभिमूखीकारण गरिएको थियो।

भिक्टोरिया युथ नेटवर्कले भर्चुअल माध्यमबाट पौष २९ मा आयोजना गरेको मानवअधिकार शिक्षा प्रशिक्षण

कार्यक्रममा एम्नेस्टी नेपाल सचिवालयले सहजीकरण गरेको थियो। उक्त कार्यक्रममा ४६ जनाको सहभागिता रहेको थियो।




ललितपुरस्थित ब्रिटिश स्कूलको अनुरोधमा त्यहाँका विद्यार्थीहरूका लागि एम्नेस्टी इन्टरनेसनल नेपालले वैशाख २६मा एउटा मानवअधिकार सत्र सञ्चालन गरेको थियो। एक घण्टाको यस सत्रमा विद्यालयका तीन शिक्षिका र ८-९ वर्षका ४४ जना बालबालिकाको उपस्थिति रहेको थियो। विभिन्न देशका साना-साना बालबालिकाहरूलाई यस सत्रमा सरल भाषामा मानवअधिकारको बारे जानकारी दिनुका साथै नेपालको मानवअधिकारको अवस्था र एम्नेस्टी इन्टरनेसनल नेपालका गतिविधिहरूका बारेमा छलफल गरिएको थियो।

सत्र सञ्चालन गर्नुपूर्व विद्यालयका दुई जना प्रतिनिधिहरू र एम्नेस्टी नेपालको टिमबीच सत्र सञ्चालनको विधिका बारेमा  वैशाख २१ मा एम्नेस्टी नेपालको सचिवालयमा छलफल गरिएको थियो।

जेठ २८ मा पोखराको समूह ८२ र बाराही युथ नेटवर्कका सदस्यहरूलाई प्रशिक्षित गरिएको थियो भने जेठ २९ गते पुरनचौर युथनेटवर्कका सदस्यहरूलाई पुरनचौरमा प्रशिक्षण गरिएको थियो।

त्यस्तै बर्दियामा **"संरक्षणका नाममा मानवअधिकार उल्लङ्घन"** प्रतिवेदन छलफलका क्रममा त्यहाँको समूह ५२ का सदस्यहरूलाई असार ९ गते प्रशिक्षण प्रदान गरिएको थियो। उक्त प्रशिक्षण र अन्तक्रिया छलफलमा नेसनल बोर्डका अध्यक्ष, कोषाध्यक्ष, बोर्ड सदस्य, निर्देशकको सहभागिता रहेको थियो।

त्यसैगरी असार १० गते कैलाली टिकापुरको कैलाली युथनेटवर्क र सुदूर पश्चिम विश्वविद्यालयका सदस्यहरूलाई प्रशिक्षण प्रदान गरिएको थियो भने असार ११ कैलालीकै अत्तरियास्थित समूह ७१ का सदस्यहरूलाई प्रशिक्षण प्रदान गरिएको थियो। त्यसपछि धनगढीको समूह ४४ र ऐश्वर्य युथनेटवर्कका सदस्यहरूलाई प्रशिक्षण गरिएको थियो।




एम्नेस्टी इन्टरनेसनल नेपाल समूह ८ को अनुरोधमा असार २० गते काठमाडौं बसुन्धारा स्थित साउथ—वेस्टर्न स्टेट कलेजमा आयोजित मानवअधिकार शिक्षा कार्यक्रममा एम्नेस्टी नेपाल सचिवालयले सहजीकरण गरेको थियो।सो कार्यक्रममा विभिन्न संकायका स्नातक तहका करिब १५० विद्यार्थीहरू सहभागी थिए। कार्यक्रममा मानवअधिकारसम्बन्धी अभिमूखीकरणका साथै एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी नेपालको बारे जानकारी गराइएको थियो। विद्यार्थीहरूलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्र, मानवअधिकार पुस्तिका लगायतका सामग्रीहरू पनि वितरण गरिएको थियो। कार्यक्रमबारे शिक्षक र विद्यार्थीबाट राम्रो प्रतिक्रिया आएपछि फेरी उहाँहरूकै अनुरोधमा असार २८ गते साउथ—वेस्टर्न स्कूलका कक्षा ८, ९ र १० का २०० भन्दा बढी विद्यार्थीहरूलाई मानवअधिकारबारे अभिमूखीकारण गरिएको थियो।

एम्नेस्टी इन्टरनेसनल नेपालले बालकुमारीस्थित काठमाडौं मोडल उच्च माध्यामिक विद्यालयको अनुरोधमा असार २३ गते त्यस विद्यालयमा एउटा मानवअधिकार शिक्षा सत्र सञ्चालन गरेको थियो। कार्यक्रममा कक्षा १२ मा मानविकी संकायअन्तर्गत कानुन विषय पढ्ने ३० जना विद्यार्थीहरूलाई मानवअधिकारका बारे जानकारी दिनुका साथै एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी नेपालको कार्यदिश र गतिविधिका बारेमा





अभिमूखीकरण गरिनुको साथै एम्नेस्टी इन्टरनेसनलको नीतिगत धारणा प्रष्ट पार्न एम्नेस्टी नेपालले तयार पारेको मानवअधिकार शिक्षासम्बन्धी भिडियो प्रदर्शन गरिएको थियो।

**एमनेस्टी समूह र युथ नेटवर्कले स्थानीय विद्यालयमा गरेका मानवअधिकार शिक्षा कार्यक्रमको झलक**







## ४. लैङ्गिक न्यायसम्बन्धी अभियान

नेपालको संविधान २०७२ ले समावेशी राज्यको परिकल्पना गरेको छ र सबै नागरिकहरूलाई समानताको अधिकार सुनिश्चित गरेको छ। साथै नेपाल विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकोले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लागि कानुनी रूपमा पनि प्रतिबद्ध छ। पछिल्लो समय केही महत्वपूर्ण प्रगतिहरू पनि प्राप्त भएका छन् तापनि नेपालको जनसंख्याको ठूलो भाग विभेदबाट अझै प्रभावित भइरहेको छ र समावेशी समृद्धिको लक्ष्य पूरा भएको छैन।

विश्वका अन्य देशमा जस्तै नेपालमा पनि महिलाहरू लैङ्गिक हिंसाको पहिलो निशानामा पर्ने समूहमा पर्दछन्। महिला विरुद्ध हुने हिंसामा राज्यले शून्यसहनशिलताको नीति अवलम्बन गरेको छ यद्यपि महिला माथि हुने हिंसाको क्रम घट्दो छैन। नेपालमा महिला माथि हुने हिंसामा पनि बलात्कार तथा अन्य यौनजन्य हिंसाको अवस्था भयानक रहेको छ। नेपाल प्रहरीको २०७७/७८ को तथ्यांकलाई विश्लेषण गर्ने हो भने दैनिक औसत ७ वटा बलात्कारको उजुरी परेको देखिन्छ। त्यस्तै ३ महिनाको अवधिमा १३२ वटा यौन हिंसाका घटनाहरू भएको महिला अधिकारको क्षेत्रमा काम गर्ने अग्रणी संस्था महिला पूनर्स्थापना केन्द्र (वोरेक) को रिपोर्टले देखाँउछ। बलात्कार लगायतका यौनजन्य हिंसा जस्तो जघन्य अपराधमा हदम्यादको दायरा र प्रभावित केन्द्रित प्रणाली अभावका कारणले यौन हिंसा प्रभावितहरूको न्यायिक उपचारको बाटो कठिन रहेको

छ। एकातिर पीडकहरूले सहज उन्मुक्ति पाएको अवस्था छ भने प्रभावितहरूको न्यायिक उपचारको मौलिक हक कुण्ठित भई दण्डहीनता मौलाएको छ।

यसै वर्ष एक युवतीले सात वर्षअघि आफूमाथि बलात्कार भएको बताउँदै सामाजिक सञ्जालमार्फत् आरोपितमाथि छानबिनको माग गरेको सन्दर्भ पश्चात हदम्यादको कानुन संशोधन गर्न व्यापक प्रदर्शन तथा माग भएको थियो र बलात्कार मुद्दामा उजुरीको हदम्याद बढाउने विधेयक असार २० गते प्रतिनिधिसभाबाट पारित भएको थियो। हाल नाबालिग बलात्कार मुद्दामा उजुरी गर्ने हदम्याद ३ वर्षको कायम भएको छ भने बालिगको हकमा पनि बढेको छ।

यस अभियान अन्तर्गत एम्नेस्टी नेपालले महिला हिंसा लगायत महिलाअधिकार, लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेण्डर र इन्टरसेक्सुअल (एल.जि.बि.टि.आइ.) अधिकारसम्बन्धी गतिविधिहरू गर्दै आएको छ। विशेष गरेर एम्नेस्टी अभियन्ताहरूले मानवअधिकार शिक्षा कार्यक्रम मार्फत विद्यालय र स्थानीय तहमा महिला हिंसासम्बन्धी सचेतना कार्यक्रम गर्दै आएका छन् भने राष्ट्रिय स्तरमा एम्नेस्टी नेपाल कार्यालयले सरकार, सम्बन्धित निकाय लगायत अन्य सरोकारवालासंग सहकार्य गरेर लैङ्गिक समानताका लागि अभियान गर्दै आएको छ।

## ४.१ ११२ औं अन्तर्राष्ट्रिय महिला दिवस

यस वर्षको ११२ औं अन्तर्राष्ट्रिय महिला दिवसको अन्तर्राष्ट्रिय नारा "Gender Equality Today For A Sustainable Tomorrow" थियो भने राष्ट्रिय नारा **"सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चितता"** रहेको थियो। यस नारामा केन्द्रित रहेर एम्नेस्टी नेपाल आबद्ध विभिन्न समूह र युथ नेटवर्कहरूले महिलाअधिकारको सवालमा एक दर्जन भन्दा धेरै स्थानीय स्तरमा कार्यक्रमहरू आयोजना गरेका थिए। यसको विस्तृत विवरण तलको तालिकामा हेर्न सकिन्छ ।

त्यस्तै एम्नेस्टी नेपाल कार्यलयले काठमाडौंमा भएका समूह र युथ नेटवर्कलाई लक्षित गरी डाटा सुरक्षा सम्बन्धी तालिम आयोजना गरेको थियो।

| नं | समूह | कार्यक्रम |
|---|---|---|
| १ | समूह ९, मलंगवा | र्याली |
| २ | त्रीचन्द्र युथ नेटवर्क, काठमाडौं | फोटो स्टन्ट र महिला स्वास्थ्यअधिकारसम्बन्धी कार्यक्रम |
| ३ | कैलाली युथ नेटवर्क, कैलाली | महिलाअधिकारको सवालमा विद्यालयमा कार्याशाला |
| ४ | अग्रासन युथ नेटवर्क, दाङ | महिलाअधिकारसम्बन्धी अन्तरकृयात्मक कार्यक्रमका साथै दीप प्रज्वलन |
| ५ | काठमाडौं विश्व विद्यालय युथ नेटवर्क, काभ्रे | स्थानीय महिलाहरूसँग साक्षात्कार |

| | | |
|---|---|---|
| ६ | कृषि क्याम्पस युथ नेटवर्क, लम्जुंङ | "देश विकासका लागि महिला सहभागिता आजको आवश्यकता" विषयक वक्तित्वकला |
| ७ | समूह ५१, कपिलवस्तु | स्थानीय संघसंस्थाहरूसँगको सहकार्यमा महिला अधिकारसम्बन्धी प्यानल छलफल |
| ८ | समूह २५, चितवन | महिला सशक्तिकरण र जागरणका विषयमा छलफल |
| ९ | बाराही युथ नेटवर्क, पोखरा | मर्यादित महिनावारी र लैङ्गिक हिंसाका बारेमा विद्यालय शिक्षा |
| १० | रामपुर युथ नेटवर्क, चितवन | लैङ्गिक समानतासम्बन्धी फोटो स्टन्ट |
| ११ | भिक्टोरिया युथ नेटवर्क, दाङ | महिला हिंसासम्बन्धी विद्यालय शिक्षा |
| १२ | समूह ८२, पोखरा | महिला हिंसा न्यूनिकरणसम्बन्धी अभिमूखीकरण कार्यक्रम |
| १३ | समूह ४०, कावासोती | सचेतना कार्यक्रम |
| १४ | समूह ४२, गोर्खा | महिला हिंसासम्बन्धी कार्यक्रम |
| १५ | समूह ६४, चितवन | अन्तर्क्रिया कार्यक्रम |
| १६ | समूह ५५, पनौती | महिलाहिंसाविरुद्ध सचेतना कार्यक्रम |

## ४.२ बलात्कार तथा अन्य यौन हिंसामा विद्यमान प्रतिबन्धात्मक हदम्याद हटाउन माग गर्दै विज्ञप्ति जारी

नेपालमा बलात्कारलगायतका यौनजन्य हिंसाका पीडितहरूले न्यायमा पहुँच पाउन अत्यन्तै कठिन रहेको सन्दर्भलाई यस वर्ष सार्वजनिक भएका घटनाले थप पुष्टि गरेको छ। एम्नेस्टी नेपालले यस्ता हिंसाहरू उजुरी गर्ने वर्तमान हदम्यादको प्रावधान समस्याग्रस्त रहेको भन्दै यस्तो हदम्याद हटाउन लामो समयदेखि अभियान गरिरहेको छ । सन् २०१८ को पत्र लेखन कार्यक्रममा करिब २४ हजार पत्र सङ्कलन गरी गृहमन्त्रालयमा बुझाइएको थियो । पछिल्लो चरणमा सार्वजनिक भएको क्रूर घटनालाई समेत दृष्टिगत गर्दै जेठ १२ गते एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयसँग समन्वय गरी एक प्रेस विज्ञप्ति जारी गरिएको थियो। उक्त विज्ञप्तिमा बलात्कार र यौनजन्य हिंसाका पीडितहरूको न्यायमा पहुँचको सवाललाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम हुने गरी कानुनी संशोधनका माध्यमबाट संबोधन गर्न माग गरिएको छ। उक्त विज्ञप्तिलाई सञ्चार माध्यमहरूले प्रमुखताका साथ संप्रेषण गरेका थिए।

1. Nepal must remove statute of limitations on cases or rape and sexual violence: Amnesty International – The Kathmandu Post: https://kathmandupost.com/national/2022/05/26/nepal-must-remove-statute-of-limitations-on-cases-or-rape-and-sexual-violence-amnesty-international
2. Amnesty International calls for removing 'overly restrictive' statute of limitations on rape—The Rising Nepal : https://risingnepaldaily.com/news/11730

3. Amnesty International calls for removing 'overly restrictive' statute of limitations on rape—**The Himalayan Times**: [https://thehimalayantimes.com/kathmandu/amnesty-international-calls-for-removing-overly-restrictive-statute-of-limitations-on-rape](https://thehimalayantimes.com/kathmandu/amnesty-international-calls-for-removing-overly-restrictive-statute-of-limitations-on-rape)
4. Amnesty International calls for removing 'overly restrictive' statute of limitations on rape—**Nepali Kura** (English): [https://english.nepalkura.com/news/2605932404](https://english.nepalkura.com/news/2605932404)
5. Amnesty International calls for removing 'overly restrictive' statute of limitations on rape—**Khabar Hub** (English): [https://english.khabarhub.com/2022/26/254270/](https://english.khabarhub.com/2022/26/254270/)
6. Amnesty International tells Nepal to remove the statute of limitation on rape—**Online Khabar** (English): [https://english.onlinekhabar.com/amnesty-no-statute-of-limitation.html](https://english.onlinekhabar.com/amnesty-no-statute-of-limitation.html)
7. बलात्कारको उजुरी गर्ने हदम्याद हटाउन एम्नेस्टीको आग्रह: [https://www.onlinekhabar.com/2022/05/1133456](https://www.onlinekhabar.com/2022/05/1133456)
8. बलात्कार तथा यौन हिंसाको उजुरी गर्ने हदम्याद हटाउन एम्नेस्टीको आग्रह: [https://www.imagekhabar.com/news/311822/](https://www.imagekhabar.com/news/311822/)
9. बलात्कार अपराधमा राखिएको हदम्याद तत्काल खारेज गर्नुपर्ने एम्नेस्टीको भनाइ: [https://www.janaaastha.com/archives/98481](https://www.janaaastha.com/archives/98481)
10. Nepali woman's account of rape prompts wave of protest over laws: [The Guardian](#)




त्यसैगरी द्वन्द्वमा हुने यौनजन्य हिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (International Day for the Elimination of Sexual Violence in Conflict) का सन्दर्भमा पनि एम्नेस्टी नेपालले हदम्यादको विषयलाई पुन: दोहोर्याएको थियो। त्यस्तै यस दिवसलाई मध्यनजर गर्दै असार ३ गते एउटा एक्सन सर्कुलर प्रेसित गरिएको थियो। द्वन्द्वको समयमा भएका यौन हिंसा पीडित महिलाको पहिचान गरी उनीहरूका लागि विस्तृत स्वास्थ्य (मेडिकल) र मनोसामाजिक कार्यक्रमको थालनी गर्नका लागि आह्वान गर्न उक्त सर्कुलरमा एम्नेस्टी अभियन्ताहरूलाई अनुरोध गरिएको थियो।






## महिला हिंसा लगायत महिलाअधिकारका सवालमा स्थानीय स्तरमा भएका कार्यक्रमका केही झलकहरू




















## नारी दिवसलाई लक्षित गर्दै महिलाका हक अधिकार सम्वन्धि कार्यक्रम

टीकापुर, २२ फागुन/कर्णाली माध्यमिक विद्यालय टीकापुरमा १ सय १२ औं नारी दिवसलाई लक्षित गर्दै महिलाका हक अधिकार सम्बन्धि कार्यक्रम भएको छ ।

विद्यार्थीहरुलाई नारी दिवसको इतिहास, महिलाका हकअधिकार, महिला हिंसा र कानुनी व्यवस्था को बारेमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरेको आयोजकले जानकारी दिएको छ ।

एम्नेस्टि इन्टरनेशनल नेपालको आर्थिक सहयोग तथा कैलाली युथ नेटवर्कको आयोजनामा भएको कार्यक्रममा किरण पाठक र सरस्वती पाण्डेले प्रशिक्षण दिनु भएको थियो ।

कार्यक्रममा कक्षा ५ र १० का गरि १ सय ८० जना विद्यार्थीको उपस्थिती रहेको जनाइएको छ ।

**सूचना ! सूचना !! सूचना!!!**

नेपाल रेडक्रस सोसाईटी टीकापुर उपशाखाको चुनावी अधिवेशन यहि मिति २०७८ साल फागुन २४ र २५ गते हुने हुँदा नेपाल रेडक्रस सोसाईटी टीकापुर उपशाखाका सम्पूर्ण आजिवन सदस्यहरुलाई तपाईंहरुको स्थान र समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

समय : बिहान १०:०० बजे

स्थान : पुरानियाँ रेयुकाई भवन मालपोत कार्यालय भवनदेखि २०० मिटर दक्षिण



















STOP VIOLENCE
AGAINST
WOMEN


AMNESTY INTERNATIONAL
KRISHI CAMPUS YOUTH NETWORK


PERIOD ITSELF IS TAXING ENOUGH




112th INTERNATIONAL WOMENS


"नारीको सम्मान समाजको पहिचान"
(Gender equality today for a sustainable tomorrow)

## ४.३ चौथो नेपाल गौरव यात्रामा सहभागिता

विश्वभर जुन महिनालाई गौरव महिना (Pride Month) को रूपमा मनाइने गरिन्छ र यस महिनामा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको अधिकारलाई प्रवर्धन गर्नका लागि विश्वभरी विभिन्न कार्यक्रमहरू संचालन हुने गर्दछन्। काठमाडौंमा जेष्ठ २८ गते आयोजित चौथो नेपाल गौरव यात्रामा एम्नेस्टी नेपालले पनि सहभागिता जनाएको थियो। माइतीघरमा भेला भई सुरू भएको र्‍याली नयाँ बानेश्वरमा पुगेर अन्त्य भएको थियो र र्‍याली पश्चात नयाँ बानेश्वरमा एक सभा आयोजना गरिएको थियो। यस गौरव यात्रामा सीमान्तकृत तथा फरक यौनिक अभिमूखीकरण, लैङ्गिक पहिचान र यौन विशेषता भएका व्यक्तिहरूका साथै सर्मथकहरूको राम्रो उपस्थिति रहेको थियो। कार्यक्रमको झलक यस भिडिया हेर्न सकिन्छ।







## ५. इन्टरनेसनल सोलिडारिटी क्याम्पेन (International Solidarity Campaign)

संसारको कुनै पनि कुनामा भएका मानवअधिकार हनन् र ज्यादतीका घटना एम्नेस्टी सदस्यहरूका लागि उत्तिकै चासो र चिन्ताको विषय बन्दछ। घटनाको विरोध स्वरूप एम्नेस्टीका विश्वभर रहेका कार्यालय, शाखा लगायत सदस्यहरूले धर्ना, अनलाइन पिटिसन, हस्ताक्षर अभियान, प्रदर्शन जस्ता अभियानात्मक गतिविधिहरू आयोजना गरी आवाज उठाउने गर्दछन्। यस वर्ष एम्नेस्टी नेपालले म्यानमार, अमेरिका, चीन, कतार, ईजरायल लगायत अन्य देशमा भएका मानवअधिकार हनन् र ज्यादतीका घटनामा आवाज उठाएको थियो भने संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्मा विभिन्न राष्ट्र र मानवअधिकारका विषयमा गरिने निर्णयहरूमा नेपाल सरकारलाई सुझाएको थियो।

## ५.१ मानवअधिकार परिषद्को सदस्यका हैसियतले परराष्ट्र मन्त्रीलाई विभिन्न देशका मानवअधिकारसम्बन्धी मुद्दामा पत्रचार

सन् २०१७ देखि नेपाल संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्को सदस्यमा निर्वाचित भए यता परिषद्मा गरिने निर्णयहरूमा नेपालको पनि महत्वपूर्ण सहभागिता हुँदै आएको छ। यस अवसरलाई मध्यनजर गरी

एम्नेस्टी नेपालले विभिन्न समयमा नेपालका परराष्ट्रमन्त्रीलाई परिषद्मा हुन लागेका मानवअधिकारसम्बन्धी संकल्प प्रस्ताव, मतदानहरूमा सुझाव दिँदै आएको छ।

यस आर्थिक वर्ष संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्को ४२ औं सत्रमा नेदरल्याण्डलगायतका परिषद् सदस्यहरूद्वारा यमनमा भएको मानवअधिकार उल्लङ्घनमा जवाफदेहीता स्थापनाका लागि ग्रुप अफ इमिनेन्ट एक्स्पर्टस् अन यमनको कार्यदिश थप गर्नका लागि प्रस्तुत गरिएको सङ्कल्प प्रस्तावको पक्षमा मतदान गर्न अनुरोध गर्दै परराष्ट्र मन्त्रालयमा असोज १९ मा पत्राचार गरिएको थियो। दुर्भाग्य, यस प्रस्तावमा नेपालले "अब्स्टेन" गरेको थियो भने प्रस्ताव झिनो मतले पराजित भएको थियो। त्यस्तै सुरक्षित, स्वच्छ, स्वस्थ र दिर्घकालीन वातावरणको अधिकार (right to a safe, clean, healthy and sustainable environment) लाई मान्यता प्रदान गर्न तथा मानवअधिकार र जलवायु परिवर्तनसम्बन्धी विशेष प्रतिवेदकको कार्यदिश स्थापना गर्नेसम्बन्धी प्रस्तावको पक्षमा मतदान गर्न पनि परराष्ट्र मन्त्रालयमा असोज २२ मा पत्राचार गरिएको थियो। यी दुवै प्रस्तावको भने नेपालले पक्षमा मतदान गरेको थियो र प्रस्ताव पारित पनि भएको थियो।

Ref. No. 09/2021

5 October 2021

AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnestynepal.org

To
Honourable Dr. Narayan Khadka
Minister for Foreign Affairs,
Singha Durbar, Kathmandu, Nepal

AMNESTY INTERNATIONAL NEPAL SECTION

Dear Honourable Minister,

I am writing to urge you to support renewal of the mandate of the Group of Eminent Experts on Yemen at the current session of the UN Human Rights Council (HRC).

In September, the war in Yemen reached its grim seven-year milestone. The ongoing conflict has ravaged the country, inflicting immense suffering on the people of Yemen. Nearly a quarter of a million people have lost their lives, including 102,000 as a direct result of hostilities and 131,000 from indirect causes, such as conflict-related famine, and destruction of health services and infrastructure, to name a few. Over 4 million people have been internally displaced due to the conflict. Serious violations of international humanitarian law and egregious human rights abuses by all parties to the conflict have contributed to the world's worst human-made humanitarian crisis. Indiscriminate and other unlawful attacks have killed and injured civilians, destroying or damaging civilian homes, medical facilities, and infrastructure, among other civilian sites. These attacks and the simultaneous obstruction of humanitarian assistance have exacerbated the spread of the Covid-19 pandemic and left millions of civilians ill, hungry and destitute. Moreover, the country is facing the imminent threat of large-scale famine, and as of June 2021, 16.2 million Yemenis are food insecure.

United Nations | UNITED NATIONS HUMAN RIGHTS OFFICE OF THE HIGH COMMISSIONER

Donate

What are human rights? | Topics | Countries | Instruments & mechanisms | Latest | About us | Get Involved

Latest / Media Center

PRESS RELEASES | HUMAN RIGHTS COUNCIL

**Human Rights Council adopts four resolutions on the right to development, human rights and indigenous peoples, the human rights implications of the COVID-19 pandemic on young people, and the human right to a safe, clean, healthy and sustainable environment**

08 October 2021

In a resolution (A/HRC/48/L.27) on the **Mandate of the Special Rapporteur on the promotion and protection of human rights in the context of climate change**, adopted by a vote of 42 in favour, 1 against and 4 abstentions, the Council decides to appoint, for a period of three years, a Special Rapporteur on the promotion and protection of human rights in the context of climate change, whose mandate, inter alia, includes to report annually to the Human Rights Council, starting from its fiftieth session, and to the General Assembly at its seventy-seventh session. The Council also requests the Advisory Committee of the Human Rights Council to conduct a study and to prepare a report, in close cooperation with the Special Rapporteur, on the impact of new technologies for climate protection on the enjoyment of human rights, and to submit the report to the Council at its fifty-fourth session.

The results of the vote were as follows:

**In favour** (42): Argentina, Austria, Armenia, Bahamas, Bahrain, Bangladesh, Bolivia, Brazil, Bulgaria, Burkina Faso, Cameroon, Cote d'Ivoire, Cuba, Czech Republic, Denmark, Fiji, France, Gabon, Germany; Indonesia, Italy, Libya, Malawi, Marshall Islands, Mauritania, Mexico, Namibia, Nepal, Netherlands, Pakistan, Philippines, Poland, Republic of Korea, Senegal, Somalia, Sudan, Togo, Ukraine, United Kingdom, Uruguay, Uzbekistan and Venezuela.

Against (1): Russian Federation.

Abstentions (4): China, Eritrea, India and Japan.

त्यस्तै संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्को सदस्य राष्ट्रको हैसियतले दक्षिण सुडान स्थित संयुक्तराष्ट्र संघ मानवअधिकारको कार्यालयको कार्यदिश थप गर्न आह्वान गर्दै माघ २७ मा एम्नेस्टी इन्टरनेसनल लगायत अन्य ७६ वटा गैरसरकारी संस्थाद्वारा जारी अनुरोध पत्र नेपालका परराष्ट्र मन्त्री डा. नारायण खड्कालाई पनि चैत्र ८ मा प्रेषित गरिएको थियो।

**TO PERMANENT REPRESENTATIVES OF MEMBER AND OBSERVER STATES OF THE UNITED NATIONS (UN) HUMAN RIGHTS COUNCIL**

**Re: Extend the mandate of the UN Commission on Human Rights in South Sudan**

Excellencies,

**We, the undersigned non-governmental organisations, write to urge your delegation to support the extension of the full mandate of the UN Commission on Human Rights in South Sudan (hereafter "Commission" or "CHRSS") at the upcoming UN Human Rights Council's ("HRC" or "Council") 49th session (28 February-1 April 2022).**

The CHRSS is the only mechanism tasked with collecting and preserving evidence of violations of international humanitarian and human rights law with a view to ensuring accountability and addressing human rights and transitional justice issues in South Sudan from a holistic perspective. Its work remains vital as the country prepares for elections in 2023, violence remains pervasive, and South Sudanese civil society faces intensifying repression.

In 2021, the Council adopted two resolutions focused on South Sudan. For the first time, the resolution extending the mandate of the CHRSS[1] was not consensual. At the request of the South Sudanese Government, a vote took place. On the same day, a second resolution, focused on technical assistance and capacity-building,[2] was adopted. While this disappointing outcome, which results in the holding of twice as many debates at the Council's 48th and 49th sessions, should not be considered a precedent, we stress that any merger in 2022 should not happen at the expense of a strong investigative mandate.

Victims should have the opportunity for justice for international crimes committed. The continuation of the CHRSS's mandate is the best means to safeguard future accountability in the absence of contemporary criminal prosecutions and at least until the Hybrid Court for South Sudan (HCSS) is functional.

## ५.२ राइट फर राइट्स् अभियान २०२१






यस वर्षको पत्र लेखन अर्थात राइट फर राइट्स् अभियान एम्नेस्टी नेपालले मङ्सिर ४ बाट सुरू गरेको थियो। यस अभियानमा एम्नेस्टी नेपालले विभिन्न देशका मानवअधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय ६ वटा मुद्दाका साथै नेपालको एउटा स्थानीय मानवअधिकारसम्बन्धी विषय "हिरासतमा मृत्युको घटना" रोक्नका सम्बन्धमा हस्ताक्षर सङ्कलन लगायत अभियान गरेको थियो। राइट फर राइट्स् अभियान सुरू हुनु पूर्व तयारीका लागि कार्तिक २८ र २९ मा इटहरी र मङ्सिर ५ र ६ मा बुटवलमा एम्नेस्टी नेपाल सदस्यहरू लक्षित कार्यशाला आयोजना गरिएको थियो। इटहरीको गरिएको कार्यक्रममा पूर्वी नेपाल र काठमाडौंका सदस्यहरू गरी ४३ जना र बुटवलमा गरिएको कार्यक्रममा पश्चिम नेपाल, हेटौंडा, चितवन र काठमाडौंका ५१ जनाको सहभागिता रहेको थियो। यी कार्यशालाहरूले स्थानीय स्तरमा अभियान कसरी गर्ने दुवै कार्यशालामा सहभागीहरूको सक्रिय सहभागिता, उत्साह र जागरुकता देखिएको थियो।



THE KATHMANDU POST
NATIONAL

# Amnesty Nepal calls for urgent, concerted action to prevent custodial deaths

Rights monitor alleges attorney general and Human Rights Commission of failing in their duties.

POST REPORT
KATHMANDU, NOV 23

Amnesty International Nepal has said Nepali authorities must take urgent and concerted actions to prevent custodial deaths through appropriate legal accountability measures.

Issuing a statement Tuesday, during the launch of the organisation's 2021 edition of the global campaign called Write for Rights, the rights organisation pointed out that deaths in police custody have continued with the authorities continuously failing to carry out independent and credible investigations.

Earlier in January, four UN special rapporteurs had expressed serious concerns over the continued incidents of custodial deaths and the lack of accountability measures.

"The rising cases of reported custodial deaths is worrisome. No one should die in the safety of the state. Once detained, it is the state's responsibility to protect the lives of the detainees," said Nirajan Thapaliya, Director of Amnesty International Nepal. "In case they die in custody, there should be a fair, impartial and independent investigation into the incident with promptness upholding accountability and ensuring effective remedies to the families of the victims," he said.

The organisation, in its statement, has pointed out that incidents of torture and ill-treatment in custody often resulting in deaths continue despite the new National Penal (Code) Act criminalising torture for the first time in Nepal.

"No one should be subjected to any form of torture and cruel, inhuman or degrading treatment or punishment under any circumstances. We call on the government to adopt administrative, judicial and other measures to prevent such deaths in custody," said Thapaliya.

The rights organisation also said that the Office of the Attorney General and the National Human Rights Commission, the two prominent authorities mandated by the Constitution of Nepal 2015 to monitor detention centres and prisons, have failed to fulfil their duties in view of the continuity of rising deaths in custody.

According to the statement, the organisation, through the 'Write for Rights' campaign, plans to call upon Prime Minister Sher Bahadur Deuba and the agencies concerned to launch a set of actions to ensure that those in detention enjoy human rights. The statement further calls for those guilty of inflicting torture and causing subsequent deaths of detainees to be held accountable.

एम्नेस्टी नेपालद्वारा मङ्सिर ७ मा राइट फर राइट्स् अभियान २०२१ सम्बन्धी प्रेस विज्ञप्ति जारी गरिएको थियो। विज्ञप्तिमा नेपालमा अनुसन्धानका लागि भनी हिरासतमा लिइएका व्यक्तिहरूको मृत्युका घटनाको निष्पक्ष, पारदर्शी र प्रभावकारी अनुसन्धान गरी यस्ता घटनामा संलग्नलाई जवाफदेही बनाउन र यस्ता घटनाहरू पुनः दोहोरिन नदिन आवश्यक कदम चाल्न प्रधानमन्त्री शेरबहादुर देउवालाई अपिल गरिएको स्थानीय मानवअधिकार मुद्दाको बारेमा विशेष चर्चा गरिएको थियो। यस विज्ञप्तिलाई सञ्चार माध्यमहरूले व्यापक संप्रेषण गरेका थिए । केही कभेरजहरू :

1. प्रहरी हिरासतमा ३ महिनामा ६ जनाको मृत्यु https://www.aayomail.com/khabar/7786 6/
2. प्रहरी हिरासतमा मृत्युका घटना रोक्न सरकारलाई एम्नेस्टी नेपालको आग्रह https://www.khulabahas.com/samachar/6368
3. हिरासतमा हुने मृत्युको निष्पक्ष छानबिन हुनुपर्छः एम्नेस्टी इन्टरनेसनल नेपाल : https://onlinedainik.com/content/16109
4. प्रहरी हिरासतमा हुने मृत्युको स्वतन्त्र छानबिन गर्न एम्नेस्टी नेपालको माग : https://avenueskhabar.com.np/2021/11/133684/
5. हिरासतमा मृत्युका घटना रोक्न एमनेस्टीको अभियान: https://nepalsamaya.com/samaj/2021-11-23-140746
6. प्रहरी हिरासतमा मृत्युका घटना रोक्न सरकारलाई एम्नेस्टी नेपालको आग्रह: https://ekantipur.com/news/2021/11/23/163765110831546103.html
7. Amnesty Nepal calls for urgent, concerted action to prevent custodial deaths: https://bit.ly/3HG6MoN
8. Prevent deaths in police custody: Amnesty International tells Nepal: https://english.onlinekhabar.com/prevent-deaths-custody-amnesty-international-nepal.html

9. हिरासतमा हुने मृत्युका घटना रोक्न सरकारलाई एम्नेस्टीको आग्रह : https://www.sutranews.com/101013/2021/11/24/
10. प्रहरी हिरासतमा भएका मृत्युका घटनाहरूको अनुसन्धान गर्न पत्र लेखन अभियानः https://www.aarthikdainik.com/other/27217/
11. प्रहरी हिरासतमा मृत्युका घटना रोक्न सरकारलाई एम्नेस्टी नेपालको आग्रह : https://www.khulabahas.com/samachar/6368
12. प्रहरी हिरासतमा हुने मृत्युको स्वतन्त्र छानबिन गर्न एम्नेस्टी नेपालको मागः https://golkhabar.com/2021/11/99892/
13. प्रहरी हिरासतमा मृत्युका घटना रोक्न एम्नेस्टी नेपालको आग्रह : https://asthanews.com/news/detail/33210/
14. प्रहरी हिरासतमा हुने मृत्युको निष्पक्ष छानबिन गर्न एम्नेस्टी इन्टरनेसनल नेपालको मागः http://ratokhare.com/2021/11/23/66477/
15. End deaths in police custody, says Amnesty International: https://thehimalayantimes.com/nepal/end-deaths-in-police-custody-says-amnesty-international

यस वर्ष कोरोना महामारीको बाबजुद पनि एम्नेस्टी नेपालले १,५५,४७६ (४२६अनलाइन सहित) हस्ताक्षर संकलन गर्न सफल भएको थियो। यस अभियानमा प्रत्यक्ष रूपमा ५३ वटा समूह र युथ नेटवर्कले भाग लिएका थिए भने सबैभन्दा धेरैं हस्ताक्षर संकलन गर्न पनौतीको महिला समूह ५५ सफल भएको थियो। यसको विस्तृत विवरण तल हेर्न सक्नुहुन्छ।




अभियान गरेका मध्ये ग्वाटेमालाका बर्नार्डो काल जोल हाल मुक्त भएका छन्। उनले एउटा पवित्र नदीको संरक्षणकाबारेमा आवाज उठाउँदा सात वर्षको जेल सजाय सुनाइएको थियो। उनको रिहाईको लागि नेपालमा मात्र २१, ३०५ हस्ताक्षरहरू संकलन गरिएको थियो।



| | समूह/युथनेटवर्क | जम्मा |
|---|---|---|
| १ | काठमाडौं विश्व विद्यालय युथ नेटवर्क, काभ्रे | ११२४७ |
| २ | समूह ४०, कावासोती | ५८१ |
| ३ | समूह ५९, कैलाली | ५२७ |

| | | |
|---|---|---|
| ४ | समूह ४, तेह्रथुम | ४२७ |
| ५ | समूह ७८, सर्लाही | ४४४ |
| ६ | कैलाली युथ नेटवर्क, कैलाली | ११९४ |
| ७ | समूह ६०, दमक | ५८४ |
| ८ | समूह ६५, कैलाली | ६५० |
| ९ | समूह ५२, बर्दिया | ५८५ |
| १० | बनेपा युथ नेटवर्क, बनेपा | ७३४ |
| ११ | समूह ८, काठमाडौं | ६२६ |
| १२ | समूह ६१, ललितपुर | ५५२६ |
| १३ | समूह ७२, पनौती | १२०० |
| १४ | समूह ५०, भक्तपुर | १९४१ |
| १५ | बिर्तामोड युथ नेटवर्क, बिर्तामोड | १६६ |
| १६ | एनसीसी युथ नेटवर्क, काठमाडौं | ३३१ |
| १७ | समूह १९, रामेछाप | १०१४ |
| १८ | समूह १६, विरगंज | २२२ |
| १९ | फ्युजन युथ नेटवर्क, भक्तपुर | ३७८१ |
| २० | समूह २, सुर्खेत | २६,३०७ |
| २१ | समूह ७१, कैलाली | ६९६२ |
| २२ | समूह ८०, काठमाडौं | ४२३९ |
| २३ | समूह २५, चितवन | ६९२ |
| २४ | समूह ४९, कंचनपुर | ७३९ |
| २५ | समूह ८९, टीकापुर | ४,८५४ |
| २६ | **समूह ५५, पनौती** | **२६,४५५** |
| २७ | पक्लिहवा युथ नेटवर्क, भैरहवा | २,४४८ |
| २८ | फरेस्ट्री युथ नेटवर्क, हेटौडा | ११६४ |
| २९ | हिकास्ट युथ नेटवर्क, काठमाडौं | २८४ |
| ३० | भिक्टोरिया युथ नेटवर्क, दाङ | ५४२ |
| ३१ | बुटवल निर्माणाधीन समूह, बुटवल | ६४७ |
| ३२ | खैरानी युथ नेटवर्क, चितवन | ५९९ |
| ३३ | समूह ७५, दमक | ६१ |
| ३४ | समूह २८, अछाम | ५८९ |
| ३५ | बाराही युथ नेटवर्क, पोखरा | १७१८ |
| ३६ | समूह ४३, बनेपा | १,२८१ |

| | | |
|---|---|---|
| ३७ | समूह १३, पाँचथर | ६५१ |
| ३८ | समूह ७०, झापा | ५८७ |
| ३९ | युसीयमयस युथ नेटवर्क, भैरहवा | ९१० |
| ४० | जोसेफ युथ नेटवर्क, काठमाडौं | ३५४४ |
| ४१ | समूह ३६, प्युठान | १२३३ |
| ४२ | समूह,८२, पोखरा | ५६२९ |
| ४३ | समूह ४४, धनगढ़ी | ३५५ |
| ४४ | विरेन्द्रनगर युथ नेटवर्क, सुर्खेत | ६६२ |
| ४५ | युनाइटेड युथ नेटवर्क, काठमाडौं | १४,३८१ |
| ४६ | कृषि क्याम्पस युथ नेटवर्क, लम्जुंङ | ३६८५ |
| ४७ | समूह ७, महोत्तरी | ४९५ |
| ४८ | डाइनामिक युथ नेटवर्क, काठमाडौं | ४१३ |
| ४९ | अग्रासन, अम्बिकेशरी र गोर्खा इन्टरनेसनल युथ नेटवर्क, दाङ | ८५४३ |
| ५० | समूह ६८, नेपालगंज | ४४६ |
| ५१ | समूह ६४, चितवन | ६५९ |
| ५२ | समूह १२, बुटवल | ७७५ |
| ४३ | समूह ३४, काठमाडौं | ७२१ |
| | **जम्मा** | **१,५५०५०** |
| | **अनलाइन हस्ताक्षर** | ४२६ |
| | **कुल जम्मा** | **१,५५,४७६** |

## ५.३ अफगानी किशोरीहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न तालिबानलाई आह्वान







तालिबानले २०७८ ३१ श्रावणमा अफगानिस्तानको सत्ता कब्जा गरेपछि सबै अफगानीहरूको जीवनमा व्यापक परिवर्तन आएको छ। विशेषगरी अफगान महिला र किशोरीहरूले दैनिक जीवनमा आफ्नो अधिकारको कडा प्रतिबन्धको सामना गर्नुपरेको छ। केही वर्षयता अफगान महिलाहरूले आर्थिक तथा

सामाजिक जीवनमा प्रगतिशील पाइलाहरू सार्न थालेका थिए, विद्यालय तथा विश्व विद्यालयहरूमा अध्ययन, अध्यापन गराउन थालेका थिए, आफ्नै व्यवसायहरू चलाएका थिए र विभिन्न क्षेत्रहरूमा रोजगारी पाएका थिए। तर हाल, केही क्षेत्रमा काम गर्ने महिलाहरू बाहेक, अधिकांश महिलाहरूलाई महिलासम्बन्धी कानुन र प्रक्रियाहरू नबन्दासम्म काम गर्न नपाइने भनी घरमै बस्न आदेश दिइएको छ। कक्षा ६ भन्दा माथिका किशोरीहरू विद्यालय जान असमर्थ छन् र विश्व विद्यालयहरूमा लैङ्गिक पृथकीकरणको कडा प्रतिबन्धले धेरै महिलाहरूको अर्थपूर्ण तवरले शिक्षा हाँसिल गर्ने सम्भावनाहरू गम्भीर रूपमा कुन्ठित भएको छ। शिक्षा र रोजगारीमा महिलाहरूले आफ्नो पहुँच गुमाउनुका साथै लिङ्गमा आधारित हिंसाको बढ्दो जोखिमहरू सामना गर्नु परेको छ र उनीहरूले स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने अधिकार, आफ्नो लुगा छनोट गर्ने अधिकार लगायत अभिव्यक्ति स्वतन्त्रतामा गम्भीर प्रतिबन्धहरूको सामना गर्नुपरेको छ।




यिनै सन्दर्भहरूलाई दृष्टिगत गर्दै एम्नेस्टीले विश्व शिक्षा दिवस (माघ १० गते) को परिप्रेक्षमा अफगान किशोरीहरूलाई शिक्षाको अधिकारबाट वञ्चित नगर्न तालिबानलाई भरपूर्ण दबाब दिन पेटिसन लगायत अन्य अभियानात्मक गतिविधि आयोजना गरेको थियो। एम्नेस्टी नेपालले पनि आफ्ना सदस्यहरूलाई अफगानी किशोरीहरूको शिक्षाको अधिकारको विषयलाई सामाजिक सञ्जालमार्फत उठाउन आह्वान गर्दै मिति माघ ७ गते एक्सन सर्कुलर जारी गरेको थियो। विभिन्न युथ नेटवर्क, समूह र एम्नेस्टी नेपालका समर्थकहरूले प्रेषित भिडियो र फोटो सामाजिक संजालहरूमा हाली शिक्षाको अधिकार सुनिश्चित गर्न तालिबानलाई आह्वान गरेका थिए। साथै अन्तराष्ट्रिय सचिवालयद्वारा राखिएको यो https://www.amnesty.org/en/petition/stop-the-roll-back-on-human-rights-in-afghanistan/ पेटिसनमा हस्ताक्षर गर्न एम्नेस्टी नेपालका सदस्यहरूलाई अनुरोध गरिएको थियो।

## ५.४ आस्थाका बन्दी टाशी वाङ्गचुकको रिहाइ पछि सामाजिक संजालमा पोस्टहरू




सन् २०१७ र २०१८ मा एम्नेस्टी नेपालले चिनिँया मानवअधिकार रक्षक तथा तिब्बती संस्कृतिका अनुरागी टाशी वांगचुकको रिहाइका लागि अभियान गरेको थियो जसअन्तर्गत ४,१०७ थान हस्ताक्षर, पत्र र पोस्ट कार्ड सङ्कलन गरिएको थियो भने फोटो स्टन्ट लगायत अन्य अभियानात्मक गतिविधिहरू पनि आयोजना गरेको थियो। वांगचुककोलाई "विखण्डन जगाको" र चिनिँया सरकारलाई

